Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- १४, २०७७ साल कार्तिक १८ गते मंगलबार (Nov 3, 2020) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# संकटपूर्ण बन्दै जनजीवन

- आर्थिक संकटमा नागरिकहरु ।
- बिदेशमा रहेकाहरु रोजगार बिहिन हुदै ।
- काठमाडौ उपत्यकामा अपराध मौलाउदै ।

काठमाडौं । नेपालमा कोरोना संक्रमणको हल्लासँगै चहल पहलमा आएको मन्दीले नराम्रोसँग नेपाली जनजीवनलाई प्रभावित पारेको छ । नेपलीहरुको महान चाड २०७७ को बिजया दशमीको आसपासमा मानिसहरुले बोलेका गरेका संवादहरुलाई आधार मान्दा निक्कै कष्टकर बन्दै गएको अनुभव हुन्छ । उनिहरुको संवाद यस्तो थियो । मेरोत बिदेशमा गएको श्रीमान पनि काम छैन रे मैले गरिरहको कम्पनी पनि बन्द भयो । घरभाडा नतिरेको पनि ४/५ महिना भईसक्यो दिनदिनै समस्याले पिरल्न लाग्यो भएको गर गहना पनि बेचेर काम चलाई सके बाकी अव केही छैन ।एकजना काठमाडौमा बसोबास गर्ने महिलाले अर्की महिलासँग गरेको संवाद हो यो ।सुन्दा सामान्य लागेपनि बिषय गम्भिर छ । यो त एउटा प्रतिनिधि पात्र मात्र हो । यस्तै समस्या धेरैजना बिदेश गएका परिवारको भईरहेको छ । बैदेशिक रोजगारमा गएका धेरै जतिको रोजगार गुम्दै गईरहेको छ । कम्पनीमा काम गर्ने कुनै एकजना कामदारलाई कोरोना संक्रमण भयो भने सबै कन्ट्रयाक्ट ट्रेशिङमा जानुपर्ने र सबैले काम नगरी बस्दा कम्पनीले भएजति सबैलाई तलब दिन नसक्ने हुदा तलव बिहिन अवस्थामा थुप्रै नेपालीहरु खाडी मुलुकमा अलपत्र अवस्थामा रहेका छन् । जो एकजना परिवारको कमाईले काठमाडौमा जसोतसो खर्च चलाउदै आएका परिवारमा यो समस्या जटिल बनेर गएको छ ।

काठमाडौ मात्र नभएर नेपालको हरेक क्षेत्रमा यतिवेला जनजीवन प्रभावित बन्दै गईरहेको छ । बजारमा बिभिन्न सामानहरुको अभाव हुन थालेको छ । भएका सामानहरु लुकाएर कालो बजारी गर्नेहरुले कालो बजारलाई प्रथामिकता दिएका छन् । यस्तै कालो बजारी गर्ने र अपराधिक मानसिकताका मानिसहरु भने काठमाडौ उपत्यकामा रमाईलो गरि बाचेका छन् । जो श्रम गरेर खाने समुदायको लागि निक्कै अप्ठ्यारो पर्दै गएको छ । यस्ता काम गरिखाने श्रमजीविको पक्षमा कोही छैनन् ।

नेपालमा कोरोनाको संक्रमणको हल्ला गर्न माफियाहरुले अझै छोडेका छैनन् । बिकट क्षेत्रहरुमा खाद्यन्न, लत्ता कबडा पुर्‍याउन समस्या भईरहेको छ । देशमा लकडाउन नभए पनि कित्तृम अभाव सृर्जना गरेर नागरिकहरुलाई हाहाकार गराईएको छ । हेर्दाहेर्दै नेपाल ढुङगे युगतिर फर्कदै गएको छ ।

आर्थिक रुपमा मानिसहरु टाट पल्टिदै गएका छन् । ब्यपारको क्षेत्रमा मन्दी छाएको छ । उधोगहरु बन्द अवस्थामा छन् । खुलेका उधोगको पनि कच्चा पदार्थ समयमा आईनपुग्दा पुर्ण सञ्चालनमा आउन सकेका छैनन् । स्थायी कर्मचारी, सेना, प्रहरी, निजामति कर्मचारी, संसद, सभासद, मन्त्री, प्रधानमन्त्री लगायतको भरणपोषण भएपनि अन्य क्षेत्रमा काम गर्नेहरुको जीवन कष्टकर बनेको छ । कतिपयको चुलो नै बल्न छोडेको छ । अन्य समयभन्दा यो समय नागरिकहरुको लागि निक्कै भयानक भएको छ । आर्थिक समस्याले चौपट हुदा अन्य समय जस्तो आफन्त साथीभाई काहा गएर दुख: पोख्न सक्ने अवस्था छैन ।

### भएका गरगहना बेचेर पनि छाक टादै

भएका पैशा सकिएर मानिसहरुले लगाएका गर गहना बेचेर पनि छाक टार्न थालेका छन् । अचेल सुनको भाउ घटेपनि मानिसहरु सुन किन्न खासै बजारमा आएका छैनन् जो माफियाकै रुपमा लगानी गर्नेले बाहेक नेपाली समाजको असली ग्रहकहरु सुन किन्न निस्केका छैनन् बरु उल्टै आर्थिक संकटले गरगहना बेचेर सामाल जोहो गरिरहेका छन् । यो अवस्था भनेको निक्कै डरलाग्दो अवस्था हो ।

### जहा अभाव त्यहा तनाव

जव मानिसहरुमा अभाव हुन थाल्छ तनाव त्यतिनै मात्रमा उत्पन्न हुन्छ । जसको कारणले अपराधमा बढोत्तरी हुने गर्छ । त्यस्तै काठकाडौ उपत्यकामा अहिले चोरी बाँकी ८ पृष्ठमा

# सत्तारुढ नेकपा फुटको अन्तिम चरणमा

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) लाई विभाजनमा जान नदिन अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले फेरि एकपटक अर्का अध्यक्ष केपी शर्मा ओलीसँग संवाद गर्नुपर्ने प्रवक्ता नारायणकाजी श्रेष्ठले बताएका छन् ।

सोमबार बिहान आफ्नै निवासमा कुरा गर्दै श्रेष्ठले पार्टीभित्र देखिएको मतभिन्नता अन्त्य गरी एकतालाई कायम राख्न पनि अध्यक्ष प्रचण्डले नै संवादका लागि पहल गर्नुपर्ने बताएका हुन् । अध्यक्ष प्रचण्डले आइतबार प्रधानमन्त्रीसमेत रहेका अर्का अध्यक्ष ओलीसँगको भेटवार्तामा भएको कुराकानीको ब्रिफिङ गरेपछि आफूहरुले पार्टी एकतालाई कुनै पनि अवस्थामा बचाउन पुन: एकपटक संवाद गर्नुपर्ने सुझाव दिएको बताए । नेपालको राजनीतिक परिवर्तनलाई सामाजिक आर्थिक क्षेत्रमा विस्तारित गर्दै समाजिक न्यायसहितको समृद्ध नेपाल बनाउने आधार तयार पार्न र समाजवादसम्म पुग्नका लागि पनि एकता कायम हुनुपर्ने प्रवक्ता श्रेष्ठले बताए । "हामीले के भन्यौं भने हामीले ठूलो मिहिनेत गरेर पार्टी एकता गरेको हो ।

नेपालको राजनीतिक परिवर्तनलाई सामाजिक आर्थिक क्षेत्रमा विस्तारित गर्ने, समाजिक आर्थिक रुपान्तरण गर्ने, समाजिक न्यायसहितको समृद्ध नेपाल बनाउने, समाजवादको आधार तयार पार्ने र अन्तत: समाजवादमा जाने उद्देश्यले पार्टी एकता गरिएको हो," उनले भने, "त्यसैले ख्यालख्यालमै पार्टी फुटको दिशातिर जान हुन्न । हामीले पार्टी एकताको रक्षा गर्न पहल नै गर्नुपर्छ । प्रयत्न नै गर्नुपर्छ । त्यसकारणले अध्यक्ष प्रचण्डले फेरि एकचोटि अध्यक्ष केपी ओलीसँग कुराकानी गर्नुहोस्, बैठक बसौं भनेर बैठक राख्ने नै प्रयत्न गरौं । बैठक राखेर सबै पक्षमा छलफल गरौं, खुला ढंगले छलफल गरौं र पार्टी एकताको निम्ति प्रयत्न जारी राखौं, पार्टी एकता कायम गर्नैपर्छ त्यसको निम्ति पहल गरौं भनेर हामीले भनेका हौं । त्यसपछाडि उहाँहरुको कुराकानी भएको स्थिति छैन ।" प्रवक्ता श्रेष्ठले आइतबार साँझ आफूहरुसँग भएको ब्रिफिङपछि अहिलेसम्म अध्यक्ष प्रचण्ड र ओलीबीच कुनै संवाद बाँकी ८ पृष्ठमा

# भरतपुर महानगरको आइसोलेशनमा रहेकाको पिसिआर परीक्षण नि:शुल्क

चितवन । भरतपुर महानगरपालिकाले बागेश्वरीमा सञ्चालन गर्दै आएको आइसोलेशनमा रहेका सङ्क्रमितको पुन:गरिने पिसिआर परीक्षण पनि नि:शुल्क गर्ने भएको छ ।

महानगरले सो आइसोलेशनमा रहेका खानपान, उपचार, आवास सबै व्यवस्था नि:शुल्करुपमा गर्दै आएको छ । महानगरपालिकाले योगी नरहरिनाथ योग तथा प्राकृतिक चिकित्सालयसँग सहकार्य गरेर कोरोना सङ्क्रमण भएका महानगरवासीलाई उपचार गर्दै आएको छ । महानगरप्रमुख रेनु दाहालले आइसोलेशमा रहेकाको पिसिआर परीक्षण पनि महानगर आफैँले गर्ने निर्णय गरेको जानकारी दिनुभयो । सरकारले गरिब, असहाय, कोरोना नियन्त्रणमा अग्र मोर्चामा रहेर काम गर्नेबाहेकको पिसिआर परीक्षण गर्न छोडेको छ । अन्यले आफ्नै खर्चमा पिसिआर गर्नुपर्ने हुन्छ । प्रमुख दाहालले भन्नुभयो, हामीले आइसोलेशनमा बस्नेलाई आर्थिकरुपमा कुनै भार नहुने गरी परीक्षणसमेत नि:शुल्क गर्ने भएका छौं ।

महानगरको आइसोलेशन नेपालकै नमूना भएको भन्दै उहाँले प्राकृतिक चिकित्सा पद्धतिबाट सङ्क्रमितको उपचार भइरहेको जानकारी दिनुभयो । स्थानीय तहले पहिलो पटक कोरोना नियन्त्रणका लागि भरतपुर महानगरले कोरोना अस्पतालसमेत स्थापना गरी सरकारी अस्पताललाई हस्तान्तरण गरेको भन्दै उहाँले कोरोना नियन्त्रणमा महानगरवासीको कुनै गुनासो नहुने गरी काम गरिरहेको दाबी गर्नुभयो । बागेश्वरी आइसोलेशनमा हालसम्म ३०९ जना भर्ना भएका छन् । जसमध्ये २४२ जनाले कोरोना जितेर घर फर्किएका छन् भने ६६ जना उपचाररत छन् । त्यहाँका चिकित्सक, कर्मचारी, ठाउँको व्यवस्थापन, औषधि, दैनिक खानाको व्यवस्थालगायतका सबै खर्च महानगरले बेहोरेको प्रमुख दाहालको भनाइ छ ।

चिकित्सालयका प्रमुख डा हेमराज कोइरालाका अनुसार आइसोलेशनमा रहेकालाई आवधिक उपवास विधिबाट उपचार गरिएको छ । जसका लागि बेलुका ५ बजेदेखि बिहान ९ बजेसम्मको समयमा ठोस पदार्थ खान दिइएको छैन । उहाँले भन्नुभयो, भाइरस मारेर ऊर्जा उत्पादन बाँकी ८ पृष्ठमा

# कान्ति बाल अस्पताललाई दियो पिसिआर मेसिन

काठमाडौँ महानगरपालिकाले कान्ति बाल अस्पताललाई कोराना भाइरस परीक्षणका लागि पिसिआर मेसिन उपलब्ध गराएको छ । कामपाका प्रमुख विद्यासुन्दर शाक्यको उपस्थितिमा प्रमुख प्रशासकीय अधिकृत राजेश्वर ज्ञवालीले अस्पतालका निर्देशक डा. कृष्ण पौडेललाई सो मेसिन आज हस्तान्तरण गर्नुभएको हो । सो अवसरमा प्रमुख प्रशासकीय अधिकृत राजेश्वर ज्ञवाली र निर्देशक डा पौडेलले पिसिआर मेसिन हस्तान्तरण सम्बन्धि सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो । कामपासँग भगिनी सम्बन्ध स्थापित चीनको नानजिङ शहरले दिएका दुईमध्ये एक थान पिसिआर मेसिन अस्पताललाई हस्तान्तरण गरिएको बताइएको छ ।

कार्यक्रममा प्रमुख शाक्यले भगिनी सम्बन्ध स्थापित भएका विभिन्न नगरले कामपालाई कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि दिएका केही अत्यावश्यक स्वास्थ्य सामग्री चरणबद्धरूपमा हामीले सरकारी अस्पताललाई हस्तान्तरण गर्दै आएको जानकारी दिनुभयो । कामपाले यसअघि पनि उक्त अस्पताललाई अक्सिजन प्लान्ट राख्न आर्थिक सहयोग गरेको थियो ।

अस्पतालका निर्देशक डाक्टर पौडेलले आगामी एक हप्ताभित्रमा परीक्षण मेसिनलाई प्रयोगमा ल्याउने जानकारी दिनुभयो । अहिले पनि दैनिक २० देखि ३० जनासम्मको संकलन गरिएको नमूना परीक्षणका लागि अन्य प्रयोगशालामा पठाउनुपर्ने बाध्यता रहेको बताउँदै उहाँले अब अस्पतालमै मेसिन जडान भएपछि त्यो समस्या हट्नेछ भन्नुभयो ।

कामपाले यसअघि गत साउन १९ गते चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल र परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताललाई कोभिड-१९ परीक्षण गर्ने मेसिनसहित अत्यावश्यक स्वास्थ्य सामग्री हस्तान्तरण गरेको थियो । उक्त मेसिनको मूल्य करीब रू १६ लाख पर्ने बताइएको छ ।




विजया दशमी २०७७ को शुभ अवसरमा
हाम्रा समस्त ग्राहक महानुभाव, शेयरधनी एवम् शुभचिन्तकहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खुशी आफ्नै घर हुनुको...

सिटिजन्स घर कर्जा

बिशेषताहरू:
- सरल मासिक भुक्तानी
- २५ वर्षसम्मको समयावधि
- ३ कार्य दिन भित्र निर्णय हुने
- नि:शुल्क Credit Card

थप जानकारीका लागि बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पूर्ण बैंकिङ्ग सुविधाका लागि TOLL FREE 1660-01-66667

Citizens Bank

Narayanhiti Path, Kathmandu
TEL:+977 1 4427842/43/24
EMAIL:info@ctznbank.com
SWIFT: CTZNNPKA

/CTZNbank
/CitizensBankIn1
/citizensbankofficial
#CTZNprogress

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# पर्वको बेला सबै जिम्मेवार बनौं

नेपालीहरुको महान चाड बिजया दशमी भरखरै सकिएको छ । यो पर्वको अवसरमा कोरोनको त्रासमा पनि खुशियाली, सदभाव, माया ममताका साथ सबैले मनाएका छन् । बिगत बर्षभन्दा यो बर्ष त्यति किनमेल तडक भडक खासै नेपालीहरुले गरेनन् । बजार पनि त्यति चलायनमान भएको देखिएन ।

दशै सँगसँगै तिहार अर्थात शुभ दीपावली नजिकै आईपुगेको छ । नेपाल सम्बद्, छठ पनि सँगसँगै आएका छन् । यो समयमा बिस्तारै उठ्न लागेको अर्थतन्त्र नेपालीहरुको दोस्रो ठुलो चाडपर्वहरुले भरथेग गर्न सक्छ । यो अवसरमा मौकाको गलत फाईदा उठाउन खोज्नेहरु पनि हुन्छन् बिगतमा त्यस्ता ब्यापारको नाममा सडेका सामानहरु बेच्ने, बजारमा तोकेको मुल्यभन्दा अनाधिकृत ढंङगवाट भाउ बढाएर बेच्ने ब्यापरीहरु पनि देखिएका थिए र तिनलाई ग्रहकको अनुरोधमा प्रहरीले पक्राउ गरेर कानुनी कारवाही गरेको थियो ।

यो बर्षपनि त्यस्ता गलत नियत राखेका ब्यापारी नहोलान् भन्न सकिदैन । तैपनि समयमा नै सबै आ-आफ्नो क्षेत्रवाट जिम्मेवार बनेर त्यस्ता कुकार्य गर्नुहुदैन भन्ने चेत सवैमा आउनुपर्छ बिशेष गरेर नेपालीहरुको खुशियाली पर्वमा यो हाम्रो महत्वपुर्ण पर्व हो यो पर्वमा कुकार्य कसैले गर्नु हुदैन भन्ने भावना आफैमा आउनुपर्छ जसले गर्दा आफैको हित हुन्छ ।

अर्कोतर्फ बजारमा असल नियत भएका मानिस नै धेरै हुन्छन् कुनै कोही कतै कतै कुकर्म गर्ने हुन्छन् त्यस्ताहरुलाई नियन्त्रण गर्न जिम्मेवार निकाय चनाखो हुन जरुरी छ ।

मात्र औपचारिक पुरा गरेको जस्तो देखिने गरी बिगतमा काम गर्ने अनुगमन टोलीले अर्को पक्षपात रुपमा गर्ने अनुगमन पनि नेपाली ब्यवसाय क्षेत्रमा आलोचित बन्दै आएको छ । यस्ता कमजोरीलाई समेत हटाएर जिम्मेवार निकायले न्यायको आधारमा सवैलाई एउटै नजरले निष्पक्ष भएर काम गर्ने सुबुद्धि सम्बन्धित निकायमा आउनुपर्छ । त्यसो भयो भने मात्र नेपालीहरुको महान पर्वहरुमा हुने ठगी कालाबजारी रोक्न सकिन्छ । गुणस्तर उपभोग्य बस्तु उपभोक्ताले सरल मुल्यमा प्रप्त गर्छन र नेपाली हुनमा गर्व गर्छन् । यतिको जिम्मेवार समाज बनाउने अभ्यास गर्ने समय पनि हो । यो अवसर बर्षमा एकपटक सम्बन्धित निकायमा रहेका जिम्मेवार पदाधिकारीहरुलाई आउछ । यस्तो अवसरलाई सदुपयोग गरेर जनमुखी बनाउनु बुद्धिमानी हुन्छ । जिम्मेवार निकायले जिम्मेवार भएर सोचुन् ।

# राजनीति, विकास र शिक्षा

**सुरेशकुमार क्षेत्री**

नेपाली जनताले करिब ६५ वर्षदेखि खोज्दैआएको भए पनि संविधान सभाले २०७२ सालमा मात्र नेपालमा संविधान जारी गर्न सक्यो । संविधान बन्ने नागरिककै लागि हो । संविधान भावि पुस्ताका लागि धरोहर बन्ने दस्ताबेज हो । देशमा संविधान छ । सरकार छ । राज्यका सबै निकायले काम गरिरहेका छन् । जे भए पनि चलिरहेको छ । यो पंक्तिकार २०६४ सालमा इन्जिनियरिङ प्रथम वर्षको विद्यार्थी छँदा संविधान सभाको पहिलो निर्वाचनमा उत्साहपूर्वक जीवनकै पहिलो मतदान गरेको थियो । इतिहासका विभिन्न आन्दोलनको बारेमा पढे पनि २०६२/६३ सालको आन्दोलनमा स्वयं कीर्तिपुरमा परिवर्तनका पक्षमा आवाज उठाएको थियो । तर, इन्जिीनियरिङ स्नातक तथा स्नाकोत्तर तहको पढाइपछि कर्मचारीका रूपमा राष्ट्र निर्माणमा सरिक हुँदा पनि अझै यो देश बन्ने लक्षण छैन ।

नेपालमा राजनीति एकदमै फोहोरी खेल हो भन्ने गरिन्छ । राजनीति त राजनेताको नीति न हो । हाम्रो देशमा नेताहरू राजनेता हुन नसकेकै हो । नेताहरू खराब भए भनेर गाली गर्दैमा देश बन्दैन । देश बन्न एकताको खाँचो छ । असल नागरिकको कर्तव्य सही कुराको प्रशंसा गर्नु र खराब कुराको सभ्य भाषामा विरोध गर्नु हो । नेपाली जनताले राणा, राजाको निरकुंशताप्रति पटकपटक विरोधको आवाज मुखरित गरे तर नेताहरूले आफनो व्यक्तिगत स्वार्थ र पार्टी तथा कार्यकर्तालाई सर्वोपरी ठान्दा विकास र सुशासनविना देश भुमरीमा फसिराखेको छ ।

नेपाली नेताहरूको सबैभन्दा ठुलो कमजोरी नै परिर्वतनलाई संस्थागत गर्न नसक्नु तथा नेतृत्व आफु नमरूञ्जेल अरूलाई नदिनु, जसरी भए पनि पैसा र सत्ताको दुरूपयोग गरेर आफनो कार्यकाल लम्याइरहनु हो । परिर्वतनका लागि नेपाली नेताहरूले खेलेको भूमिकालाई प्रशंसा गर्नैपर्छ । तर, परिवर्तनलाई संस्थागत गरेर विकासको दिशामा मुलुकलाई लान नसक्दा सबै उपलब्धि गुम्ने खतरा पनि बढेको छ । आज राजनीतिक दलहरूभित्र र उनीहरूबीच विश्वासकै अभावले सानातिना कुरामा पनि विवाद हुने गर्छ ।

नेपालको इतिहासमा प्रथम निर्वाचित प्रधानमन्त्री बीपी कोइरालाले प्रधानमन्त्रीका हैसियतले योजना आयोगको बैठकमा बोल्दा उनका मनमा देशको परिस्थिति खासगरी नेपालको अविकसित अवस्था र जनतामा व्याप्त अशिक्षा र गरिबीको चित्र थियो । त्यसकारण उनले भने – 'तपाईंहरूले योजना आयोगको भित्तामा राजाको फोटो त राख्नुभएकै छ । अब एउटा झुपडीको अगाडि हलोसँगै उभिएको गरिब नेपाली किसानको फोटो पनि भित्तामा झुन्ड्याउनोस् । अनि नेपालको विकासको योजना बनाउँदा आफैँलाई सोध्नोस्, 'मैले बनाएको यस योजनाले त्यस किसानको जीवनमा के सुधार ल्याउन सक्छ ? के परिवर्तन ल्याउन सक्छ ?' तपाईंहरूले बनाएको योजनाको मुख्य लाभ उसले पाउनुपर्छ ।'

यो देशको विकास नहुनुमा पहिला राणा, अनि राजतन्त्रलाई दोष दियौँ । राजतन्त्र हटेपछि सब कुराको समाधान हुन्छ भन्यौ । फेरि अहिले आएर प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति चाहिन्छ भनेर अर्को 'नौटंकी' नगरौँ । नेपालमा राजतन्त्रको अन्त्य भएको हुनाले सबै धर्म, जात, लिङ्ग, भाषा, संस्कृतिलाई माया गर्न ,राष्ट्र र राष्ट्रियताको प्रतीक आलंकारिक राष्ट्रपति हुनुपर्छ । यसमा विवाद नगरौँ । के प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुँदैमा देशको समस्या समाधान हुन्छ ? अनि संसदीय प्रधानमन्त्री हुँदामात्रै समस्या हुने हो ? हाम्रो संसद्भित्रको शक्ति सन्तुलन, सामाजिक बनोट, राजनीतिक संस्कृति र चरित्रको परिवेशमा प्रत्यक्ष निर्वाचित कार्यकारी नेपालका लागि संसदीय प्रणालीभन्दा झन् खराब हुनेछ । प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री भए पनि व्यवस्थापिकाको कामकाज संसद्ले नै गर्ने हो । कार्यकारी राष्ट्रपतिले आफूले चाहेअनुसारको काम गर्न आवश्यक पर्ने कानुन र बजेट पास गर्ने व्यवस्थापिका संसद्ले नै हो ।

कुनै पनि देशको विकासको लागि कुनै न कुनै पुस्ताले बढी योगदान गर्नुपर्छ । नेपाललाई बनाइदिन भनेर सन् १९५१ देखि नै विदेशीहरु आएका त थिए नि । तर आफनो माटो चिन्ने नेपाली आफैँले नबनाए अरू कसैले बनाउँदैन सक्तैन रहेछ । विदेशी मित्र राष्ट्रलाई गाली गरेर सार्वभौमसत्ताका प्रश्न उठाएर लाञ्छना लगाएरमात्र हुँदैन । प्रकृतिले नै नेपाललाई दिएका नदीनाला वनजंगल सुन्दर हिमाल र तालको सही उपयोग गर्न नसक्ने अनि सबै कुरामा विदेशसँग निर्भर हुने गरेपछि कसले हेप्दैन र ?

विकासको सन्दर्भमा नेपालले आफनो भौगोलिक अवस्थिति र उपलब्ध स्रोतसाधनको आकलन नगरी विकास रणनीति बनाउनु हुँदैन । भिन्न सामाजिक र भौगोलिक परिवेशले गर्दा नेपालले अन्य देशका विकासका ढाँचा यथावत् अपनाउन सक्तैन । त्यसैले विकासलाई तीव्रता दिने ठानिएको व्यापार उदारीकरण नीतिबाट नेपाललाई खासै फाइदा भएको छैन । विदेशीको बढी सल्लाह र कम कामले गर्दा नेपालीहरूको परनिर्भरता बढेको छ । आफैँमा विश्वास नगर्ने तर विदेशीहरूको सल्लाहमा बढी विश्वास गर्ने प्रवृत्ति छ । त्यस्तै सरकारी संयन्त्र र सरकारी कर्मचारीहरुबारे पनि जनविश्वास कमै छ । समाजमा पनि एकआपसमा विश्वास घट्दै गएको भान हुन्छ । ठग्ने र छल्ने प्रवृत्ति बढ्दा अर्थतन्त्रमा लगानी बढ्न सक्दैन ।

नेपालमा अपेक्षितमात्रा आर्थिक विकास हुनसकेको छैन । देशमा भएका विद्यमान स्रोतसाधनको व्यवस्थित र समुचित प्रयोग गर्दै आर्थिक विकासको बाटोमा आएका बाधाहरु चिर्दै अगाडि बढ्नुपर्छ । नेपालले दक्षिण कोरियाभन्दा पाँच वर्षपहिले नै योजनाबद्ध विकास थाले पनि विकासका बाधाहरु यथावत छन् । विकासको परिपाटीलाई अहिलेकै अवस्थामा राख्ने हो भने नेपाल बन्ने अपेक्षा गर्न सकिन्न । अर्को ४० – ५० वर्षपछि फेरि नेपाल किन बनेन भनेर खोतल्नुपर्ने हुन्छ ।

आर्थिक विकासको विश्व इतिहासले विकासको लागि कुनै एउटा निश्चित बाटो वा सूत्र दिएको छैन । देशको आफनै राजनीतिक, भौगोलिक, सामाजिक र सांस्कृतिक सेरोफेरोमा नै विकासको बाटो खोज्नुपर्छ । कम्तीमा गाँस, बास, कपास र न्यूनतम भौतिक पूर्वाधारविहीन अवस्थाबाट पार पाउनुपर्छ । काम गरेर बाँच्न पाउनुपर्छ । वास्तवमा विकास गर्ने र विकास चाहिने भनेको देशका बासिन्दालाई नै हो । तसर्थ, देशको जनशक्तिको अधिकतम उपयोग गर्नु नै उत्तम रणनीति हो ।

सरकारले अध्ययन अनुसन्धानमा पर्याप्त खर्च गर्नुपर्छ । अहिले अवसर र काम नपाएर बौद्धिक जनशक्ति पलायन भएको छ । जनशक्तिले नै उत्पादनका अन्य साधन परिचालन गर्छ । नेपालले ठूलो संख्यामा रहेको युवा जनशक्तिबाट जनसांख्यिक लाभ लिनसकेको छैन । जनशक्ति निर्माण र उपयोगमा पनि यथोचित ध्यान दिएको छैन । आज पनि ५० लाख नेपाली विदेशमा रोजीरोटीको संघर्ष गरिरहेका छन् । प्रश्न उठ्छ हामीले आ□नै देश बनाउन श्रम गर्ने कि विदेशमा ? यद्यपि, वैदेशिक रोजगार रहरभन्दा बढी बाध्यता हो ।

कुनै पनि देश विकास हुन जनता शिक्षित हुनुपर्छ । शिक्षित देश धनी र विकसित छन् । अशिक्षित देश गरिब र अविकसित छन् । नेपाल अविकसित छ । किनभने यहाँ अझै धेरै अशिक्षित छन् । यति साधारण कुरा पनि नबुझे झैँ गरी शिक्षाको विकासमा किन धन र श्रम नलगाइनु उदेकलाग्दो विषय हो । शिक्षण संस्था खोल्नु राष्ट्रनिर्माणको जग हाल्नु हो । नेपाल सरकारले २०१६ सालमा १ हजार ६०० र २०१७ सालमा ६०० प्राथमिक विद्यालय खोलेको थियो । त्रिभुवन विश्वविद्यालय पनि २०१६ सालमै खोलिएको हो । त्यतिखेर सरकारलाई देश विकास कसरी गर्ने हुटहुटी थियो । अहिले पनि त्यही हुटहुटी हुनुपर्ने हो । तर, आज देशको पहिलो र पछिपछि खुलेका अन्य विश्वविद्यालय राजनीतिक भागबन्डा र गुणस्तरहीनताको केन्द्र बनेका छन् । प्राज्ञिक स्थिति निराशाजनक छ । शिक्षित र सक्षम जनशक्तिको तयार र तिनीहरूको प्रयोग हुन नसक्दा नेपालमा सर्वत्र भद्रगोल छ ।

अहिलेका विकसित सबै देशहरूले आवश्यक जनशक्तिको तयार गरेर र तिनीहरूको सही सदुपयोग गरेर नै विकसित भएका हुन् । नेपालमा भने न आवश्यक जनशक्तिको पहिचान गरिएको छ न त भएका जनशक्ति प्रयोग गरिएको छ । आज बेलायतबाट अक्सफोर्ड र केम्ब्रिज विश्वविद्यालय झिकिदिने हो भने त्यससित अरु के नै रहन्छ र ? एक हजार वर्ष पुरानो अक्सफोर्ड, नौ सय वर्ष पुरानो केम्ब्रिज, चार सय वर्ष पुरानो हार्वर्ड । अनि जम्मा साठी वर्ष पुरानो हाम्रो त्रिभुवन विश्वविद्यालय । त्यो पनि भागबन्डाको सिकार । जुन देशमा संस्थाहरु विकसित भएका छन्, ती आर्थिकलगायत सबै दृष्टिले सम्पन्न हुन्छन् । जुन देशमा संस्थाहरु विकसित भएका छैनन्, ती अविकसित, असुरक्षित र असफल हुन्छन् । संस्थाको विकासका लागि पनि शिक्षण संस्था नै चाहिन्छ । शिक्षा नभएको देशमा अदालत, प्रशासन, राजनीति र कानुनको राज्यको अवधारणा विकसित हुनै सक्दैन । बेलायतमा लिखित संविधान नहुँदा पनि प्रजातन्त्रको त्यति पुरानो अभ्यास चालु रहनुका कारण कानुनी राज्यको संस्कार र त्यो संस्कार विकसित गर्ने शिक्षण संस्थाहरु नै हुन् ।

प्रविधिले गर्दा आज विश्व एउटा घर जस्तै भएको छ । अब प्रत्येक क्षेत्रमा प्रविधिको प्रयोग गरेर अगाडि बढ्नुपर्छ । अहिलेको प्रविधिको विकासलाई आत्मसात गरेर भूपरिवेष्टितताले सिर्जना गरेको समस्यालाई चिर्नुपर्छ । इलेक्ट्रोनिक्स व्यापार, सफटवेयर निर्माण आदिमा जोड दिइनुपर्छ । खासगरी देशको वस्तुस्थितिअनुरूप विभिन्न क्षेत्र जस्तैँ स– कृषि, उद्योग, पर्यटन, जलविद्युत्, भौतिक पूर्वाधारको विकासका लागि सूक्ष्मरूपमा नियमित अध्ययन अनुसन्धान भई समस्याको पहिचान र सुझावको कार्यान्वयन गरिनुपर्छ । चीन र भारतलाई विश्वासमा लिई कृषि, पर्यटन, जलविद्युत्, रेल, सडक र शिक्षाको क्षेत्रमा नयाँ प्रविधिको प्रयोग गर्दै विकास अगाडि बढाउनुपर्छ ।

पेट्रोलियम पदार्थमा भारतसँग रहेको परनिर्भरता कम गर्दै बिजुलीबाट खाना पकाउनु पर्छ । अर्बौं जनसङख्या भएका चीन र भारतबाट वर्षमा कम्तीमा १ करोड पर्यटक आकर्षित गर्न सकेमात्रै पनि हामीले आर्थिक वृद्धिमा ठूलो फड्को मार्नेछौँ । सरकारले देशभित्र दक्ष जनशक्ति पलायन हुनबाट रोक्नुपर्ने र सुरक्षा, विकास, संघीयता जस्ता विषयमा देशभित्र रहेका विज्ञको सहयोग लिनुपर्छ । भारतले बनाउँदै गरेको मोटरको सानो भाग हामीलाई दिने, चीनले बनाएको मोबाइल जडान गर्नेजस्ता ससाना कामबाट हामीले सुरू गर्नुपर्छ ।देशभित्र चाहिने र देशभित्रै उत्पादन गर्न सकिने वस्तुहरू सकेसम्म देशभित्रै उत्पादन गर्नुपर्छ । जुम्लाको स्याउ काठमाडौंमा ल्याएर सस्तो मूल्यमा वितरण गर्ने योजना बनाउनुपर्छ ।

सबै पार्टी राष्ट्रिय सुरक्षाका मामलामा र देशलाई परिवर्तन गर्ने महापरियोजनामा एउटै मत बनाएर अगाडि बढनुपर्छ । आ□ना कार्यकर्तालाई आन्दोलन होइन विकास निर्माणमा लगाउनुपर्छ । विकास निर्माणका लागि चाहिने लगानी जुटाउन सोच्नुपर्छ । इन्जिनियर । १२खरी

# चाडपर्वमा परम्परागत पेशा थाम्दै पाका कुम्हाल

महोत्तरी । प्रत्येक वर्ष तिहार पर्वअघि प्रदेश २ को मिथिला क्षेत्रका कुम्हाल माटोसँग खेल्न अभ्यस्त हुन्छन् । तिहार (दीपावली) र छठ पर्वका पूजा र व्रत विधिमा माटाका नयाँ भाँडाको प्रयोग गरिने परम्पराले कुम्हाल (तराईमा माटाका भाँडा बनाउने पेशाका खास जाति समुदाय) अहिले माटोसँग खेल्न अभ्यस्त देखिएका हुन् । महोत्तरीसहितका प्रदेश २ का सबै जिल्ला प्राचीन मिथिला संस्कृतिका केन्द्र मानिन्छन् । परम्परागत यसै परम्पराको बिँडो थाम्न अहिले कुम्हाल बस्तीमा माटाका भाँडा बनाउने काम चलेको देखिन्छ ।

टायर गाडामा चिम्टाइलो माटो ओसार्न, डल्ला फुटाएर माटो धुल्याउन, पानी हालेर मुछ्न र भाँडा बनाउने चक्रसम्म पुर्‍याउन परिवारका सबै सदस्य लागिपरेका देखिन्छन् । मुछिएको माटो चक्रमा राखेर सीप भएका कुम्हालले आफ्नो हात चलाउँदै माटोलाई भाँडाको रूपमा ढालेको दृश्य एकछिन हेर्नेका लागि जादुजस्तै लाग्दछ । चक्रमा घुमाएर तयार भएका भाँडा केही दिन आगोको भट्टीमा पकाएपछि यो क्रमले पूर्णता पाउँछ । कुम्हाल बस्तीमा बढेको सक्रियताले दीपावली र छठ नजिकिएको जोसुकैले सहजै लख काट्दछन् ।

केही दशकअघिसम्म मिथिलामा पानी राख्ने घैंटा, खाना पकाउने डेक्ची र राखनधरन प्रयोजनका भाँडा माटाकै प्रयोग गरिँदा कुम्हालको जीवन गुजारा नै यसैबाट चल्थ्यो । अब भने घरायसी दैनिक प्रयोजनमा प्लाष्टिकका भाँडाको प्रयोग बढेपछि परम्परागत कुम्हाले पेशा सङ्कटमा परेको छ । अब चाडबाडमा माग हुने भाँडाले मात्र जीवन गुजारा नचल्ने भएपछि पछिल्लो पुस्ताका कुम्हाल अन्य पेशामा लागेका छन् ।

मिथिलाञ्चल क्षेत्रमा दैनिक प्रयोग र पर्व विशेषमा माटाका भाँडाको महत्व भए पनि पछिल्ला दिनमा प्लाष्टिकका भाँडाको प्रयोग बढेपछि आफ्नो सीपले बजार पाउन छाडेको कुम्हाल बताउँछन् । मिथिलाञ्चलका दशहरा (बडादशैँ), दीपावली, छठ, चौरचन, घडीपर्व, जितिया र जुडशीतल लगायतका

बाँकी ८ पृष्ठमा

# नेपालसँग सम्बन्ध बिग्रँदा भारतको हित हुँदैन्

परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले भारतको रअ प्रमुख सामन्तकुमार गोयलले प्रधानमन्त्री केपी शर्मा ओलीसँग गरेको शिष्टाचार भेटलाई प्रोटोकल नमिलेको भनेर टिप्पणी गर्न नहुने तर्क गरेका छन् । आज विहान नेपाली रेडियो नेटवर्कबाट प्रसारण भएको नेपाली बहस कार्यक्रममा पत्रकार ऋषि धमलासँग कुरा गर्दै उनले यस्तो बताएका हुन् । उनले नेपाल–भारतबीच ऐतिहाँसिक सम्बन्ध रहेको सुनाउँदै दुई देशबीचको सम्बन्ध सम्वादहिनताको अवस्था हुन नहुने भन्दै रअ प्रमुखको भ्रमणले सम्वादहिनता तोड्न मद्दत पुग्नुपर्ने स्पष्ट पारे । प्रस्तुत छ पूर्वराजदूत श्रेष्ठसँग पत्रकार धमलाले गरेको कुराकानीको सम्पादित अंश :

**० नेपाल–भारत सम्बन्धमा अब सुधारको संकेत देखिएको हो ?**

– नेपाल–भारत सम्बन्ध धेरै पूरानो र ऐतिहाँसिक सम्बन्ध हो । भारत हाम्रो धेरै नजिकको छिमेकी हो । वार्ता गर्नैपर्छ । सम्वाद गर्नैपर्छ । विभिन्न तहबाट सम्वादहिनतालाई तोड्ने प्रयास गर्नुपर्छ । ढिलो चाँडो यो दिशामा बढ्छ भन्ने मलाई लाग्छ ।

**० प्रधानमन्त्री केपी शर्मा ओलीसँग भारतीय रअ प्रमुख सामन्त कुमार गोयलले भेटिसकेपछि नेपाली राजनीति तरंगित भयो नि ? किन ? यहाँको व्यक्तिगत टिप्पणी के छ ?**

– अब एक त कोरोनाले न्यूज नभएको, त्यही भएर ठूलो न्यूज भयो । अर्को कुरा, रअ प्रमुख पहिलोपटक नेपाल आएको होईन नि। सन् २०१९ मा सामन्त गोयल रअ प्रमुखमा नियुक्त भएको एक महिनापछि नै नेपाल आउनुभएको हो । रअ प्रमुख नेपाल नआएको वर्ष नै छैन् ।

यसपालि देखिनेगरि/नदेखिनेगरि प्लने ल्याण्ड गर्नुपरेको हुनाले यो थाहा भयो । र, प्रधानमन्त्री कार्यालयले पनि रअ प्रमुख आएको हुन र भेटेको भनेर प्रष्ट पारिसकेको छ । भेट्नु हुँदैन, आउनुहुँदैन भन्ने कुरा होईन । यो कुनै आश्चर्यजनक कुरा होईन । उनीहरूले नेपाललाई सेक्युरेटी आँखाबाट हेरिराखेका छन् । त्यसैले आईराखेका छन् । यसपालि पनि आए ।

अब आउँदाखेरि दुई देशबीचको सिमा विवादको समस्या सुल्झाउनुपर्यो । तराई डुबानका कुरा सुल्झाउनुपर्यो । यावत समस्याहरू राखेर त्यसको लागि मद्दत गर भनेर हामीले भन्ने हो । उनीहरूको कुरा सून्ने भन्दापनि आफनो राष्ट्रिय अडान र हितका कुरा राख्न नचुक्ने कुरा ठूलो हो । एक त भारतको कमाण्डर–ईन–चिफ नेपाल भ्रमणमा आउँदैछन् । त्यसको लागि वातावरण बनाउनुपर्यो । नेपाल–भारत परराष्ट्रू सचिवस्तरीय संयुक्त संयन्त्र छ । त्यसको संयुक्त बैठक तुरून्त राख्न मद्दत गर भन्नुपर्छ । नाकाबन्दीको बेलामा पनि नेपालको कमाण्डर–ईन–चिफ ईण्डिया गएर त्यहाँको कमाण्डर–ईन–चिफसँग कुरा गरेको थियो । त्यहाँको आर्मी चिफले प्रधानमन्त्री मोदीलाई भनेर नाकाबन्दी हटाउनको लागि अप्रत्यक्ष योगदान गरेको थियो । भनेपछि मिलिटरी डिप्लोमेसी हुन्छ ।

सेक्युरिटी डिप्लोमेसी हुन्छ । वार्ता गर्ने वातावरणतर्फ लाग्नुपर्छ । आफनो अडान राख्नुपर्छ । यथार्थमा के हो भने नेपाललाई सेक्युरिटी स्वार्थबाट हेर्ने भएकोले सेक्युरिटी चिफलाई भेटेको भए हुन्थ्यो । तर, नेपालमा अहिले सबै कुरा प्रधानमन्त्रीले हेर्ने भएको हुनाले टुँग्गिने कुरा भएकोले । भेट भएको हो ।

**० हाम्रो देशमा रअको प्रभाव धेरै छ नि ? तपाईँले कसरी हेर्नुभएको छ ?**

– रअको प्रभाव हुनुहुँदैन् । नेपालभित्र नेपालकै प्रभाव हुनुपर्छ । रअसँग पनि राम्रो सम्बन्ध र समझदारी कायम गरेर उसलाई पनि प्रयोग गर्न जान्नुपर्छ । नेपाली जनताको भावना बुझेर र नेपालसँगको महत्वलाई बुझेर समस्याको समाधान गर, समस्या पाल्ने होईन भनेर हामीले भन्नुपर्छ । आर्मी चिफले त नाकाबन्दी हटाउन सेक्युरिटी डिप्लोमेसी गर्यो भने अहिले रअ प्रमुखलाई पनि सिमा समस्या समाधानको लागि भन्नुपर्छ ।

**० रअ प्रमुखले प्रधानमन्त्रीलाई भेटेको कुरा गर्दा प्रोटोकल नमिलेको भनेर बाहिर कुरा आईरहेको छ नि ? तपाईको धारणा के हो ?**

– प्रोटोकल प्रमुख कुरा होईन । मुख्य कुरा के हो राष्ट्रिय हितको पक्षमा वकालत गर्छ कि गर्दैन् ? वार्ताको वातावरण बनाउनको लागि प्रयास गर्छ कि गर्दैन् ? त्यो त रिजल्टबाट हेर्ने कुरा हो । रिजल्टअनुकुल भएन, अर्काको प्रभावमा पर्ने भयो भने त्यो घातक हुन्छ । त्यस्तो चाहीँ गर्नुहुँदैन् ।

**० उसो भए प्रधानमन्त्रीले रअ प्रमुखसँग भेट्दाखेरि प्रोटोकल मिलेन भनेर आपत्ति प्रकट गर्नुपर्दैन् ?**

– होईन, पहिले पनि आएर भेटेको थियो । पहिले ईण्डिया गएर लाईनमा बसेर गुप्तचरवालाहरूलाई भेट्ने गर्दथ्यो । तर, यो भेट त देखिनेगरि भएको छ । नढाँट्नु । नछुपाउनु र राष्ट्रिय हितमा कुरा राख्ने कुरा कहिल्यै नछोड्नु र नचुक्नु । त्यो भए भेटे हुन्छ । त्यो भएन भने गोप्य रूपमा भेटेपनि हुँदैन् । खुल्ला रूपमा भेटेपनि हुँदैन् । यदि सम्वादहिनताको अवस्था तोड्छ, यसले वार्ताको लागि वातावरण बनाउँछ भने राम्रो हुन्छ ।

**० प्रधानमन्त्री र रअ प्रमुखबीच के कुराकानी भयो ?**

– उहाँहरूबीच के के कुरा भयो, त्यो सार्वजनिक गर्दा राम्रो हुन्छ । लोकतन्त्रमा सबैभन्दा ठूलो कुरा र महत्वपूर्ण भनेको नै पारदर्शीता जनताप्रति जवाफदेहिता हो । त्यो हुनुपर्छ ।



हिरण्यलाल श्रेष्ठ
परराष्ट्रविद्

**० अब नेपाल–भारत द्विपक्षीय सिमा विवाद समाधान होला त ? रअ प्रमुखको नेपाल भ्रमणपछि भारत सिमा विवाद समाधान गर्न वार्ताको लागि तयार होला त ? के भन्नुहुन्छ ?**

– पहिलारपहिला नेपाली नेता ईण्डियामा धाउँथे । यसपटक रअ प्रमुखदेखि सेनाअध्यक्ष नेपाल आउँदैछन् । उनीहरूलाई चटारो परेको छ । सबैसँग उसको सम्बन्ध बिग्रिएको छ ।

भारतको अहिले चीन र पाकिस्तानसँग सम्बन्ध बिग्रिएको छ । नेपालसँगपनि सम्बन्ध बिग्रँदा त्यो भारतको हितमा हुँदैन् भन्ने कुरा त्यहाँको सुरक्षा निकायरसेनाले रियलाईजेशन गरेको बुझिन्छ । यो रियलाईजेशन त्यहाँको कुटनीति र राजनीतिक बागडोर सम्हाल्नेहरूले गर्नुपर्छ ।

# नेपालमा क्लिनफिड नै किन ?

कौशिक नवराज

अहिले चर्चामा रहेको शव्द हो क्लिनफिड । नेपालमा २०७४ मा ल्याएर पनि कार्यन्वयन हुन नसकेको तर हाल विज्ञापन नियमन ऐनमा नै कार्यान्वयन गर्ने समयसिमा तोकेर ल्याएको साथै विज्ञापन व्यावसायि र टेलिभिजन व्यावसायिहरूले समेत सफल कार्यान्वनमा सहयोग गरेको देखिन्छ साथै पछिल्लो समय मिडिया कभरेज समेत राम्रो पाएको कारण अहिले यो चर्चाको विषय वनेको देखिन्छ ।

के हो क्लिनफिड के होइन

सामान्य मानिसले बुझ्न सक्ने भाषामा भन्दा हामिले दैनिक रूपमा टेलिभिजन हेर्दा देखिने विज्ञापन समावेश नभई टेलिभिजन कार्यक्रम मात्र आउनुलाई क्लनिफिड भनिन्छ ।अर्थात विदेशी टेलिभिजनले विज्ञापन नवजाई कार्यक्रम मात्रै संचालन गर्नुलाई बुझिन्छ ।नेपालमा हाल प्रसारित विदेशी टेलिभिजन च्यानलहरूले ग्राहकबाट टेलिभिजन हेरेवापत रकम पनि असुल्ने अनि विज्ञापन पनि समावेश गर्ने गरेको अवस्था थियो भने अव कार्तिक ७ उप्रान्त विदेशी टेलिभिजन च्यानलहरूले कार्यक्रम वाहेक कुनै पनि प्रकारको विज्ञापन,लोगो,प्रोमो वा प्रमोशनहरू प्रसारण गर्न पाउने छैनन ।विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा ६ को उपदफा (१) मा नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरूले विज्ञापनरहित (क्लिन फिड) प्रसारण गर्नुपर्नेछ ।

विदेशी च्यानल सम्बन्धमा साविक व्यवस्था

साविकमा नेपाल सरकारले नै २०७५ साउन १ गतेबाट लागुहुने गरी राजपत्रमा नै सूचना प्रकाशित गरी नेपालमा डाउनलिंक हुने विदेशी टेलिभिजन च्यानलहरूलाई ४ किसिमले वर्गीकरण अनुमतिपत्र प्रदान गर्दै आएको थियो ।जसमा विज्ञापन समावेश नभएका च्यानलहरू डाउनलिंक गरी प्रसारण गर्न प्रति च्यानल एक लाख रूपैया,विज्ञापन समावेश भएका निशुल्क च्यालनको हकमा प्रति च्यानल ५ लाख,विज्ञापन समावेश भएका सशुल्क च्यानलको हकमा प्रति च्यानल ३ लाख रूपैया र विज्ञापन समावेश भएका सशुल्क च्यानलको हकमा प्रति च्यानल ७ लाख साथै नेपालमा डाउनलिंक गर्ने यन्त्र उपकरण आयात र विक्रि वितरण गर्नेको हकमा विक्रि वितरणको लाइसेन्स लिने भने पचास हजार रूपैया र विदेशी च्यानलहरूको नेपालमा आधिकारिक विक्रेता भई आफुले डाउनलिंक गरेका च्यानलहरू :क्इ र डिजिटल केवलहरूलाई वितरण गर्नेको हकमा प्रति च्यानल पचास हजार रूपैया दाखिल गरी अनुमतिपत्र लिनुपर्ने यसरी लिएको अनुमतिपत्र हरेक वर्ष नवीकरण गर्नुप्रर्ने र नवीकरणको हकमा अनुमतिपत्र जारी दस्तुरको १० प्रतिशत शुल्क लाग्ने व्यवस्था रहेको छ ।

क्लिनफिडको आवश्यकता किन त

नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरूले दोहोरो रकम असुलीरहेको अवस्था विदितै थियो । एकातिर नेपालस्थित विदेशी टेलिभिजनका आधिकारिक विक्रेता र सम्पर्क व्यक्ति तथा संस्थाहरूले :क्इ र डिजिटल केवलहरूवाट टेलिभिजन प्रसारण गरेवापत मोटो रकम असुल्ने साथै हरेक वर्ष टेलिभिजन प्रसारणको शुल्क वढाउदै लैजाने र नेपालबाट करोडौ रकम विदेश लैजाने गरेका थिए भने अर्कोतिर उनीहरूले आफना च्यानलमा विदेशी विज्ञापन वजाउदै आएका थिए ।यसरी नेपाली माटोमा टेलिभिजन प्रसारण गर्ने अनि ग्राहकबाट रकम पनि असुल गर्ने तर नेपाली भेषभुषा र संस्कृतिलाई संरक्षण त परको कुरा अवमुल्यन गर्दै विदेशी संस्कृति र परम्परा भित्राउदै नेपाली संस्कृति मास्न जातजाति र भाषाभाषिको साम्प्रदायिक एकतामा समेत खलल पुर्याउने कार्य गर्दै आएका थिए ।

नेपालमा प्रसारणको अनुमति लिएका विदेशी टेलिभिजनहरूले अव उप्रान्त डविङ गरेर समेत विज्ञापन समावेश गर्न पाउने छैनन ।यसले नेपालको विज्ञापन वजारलाई विस्तार गर्न मदत पुर्याउने निश्चित छ । विदेशी विज्ञापनहरू एजेन्सीहरू नेपालमा नै विज्ञापन खिच्न आउनुपर्ने,नेपाली कलाकार र मोडले स्थान पाउने,नेपाली उत्पादनहरू व्राण्डिङ गर्न मदत पुग्ने देखिन्छ ।विज्ञापन व्यवयासिहरूका अनुसार हाल नेपालमा २२ अर्वको विज्ञापन वजार रहेकोमा क्लिन फिड पश्चात सो करिव १० अर्व वढेर ३२ अर्व पुग्न सक्छ ।क्लिनफिड पश्चात नेपाली टेलिभिजन च्यानलहरूले प्रसारण गरीरहेका कार्यक्रमहरूले विज्ञापन पाउने हुदा टेलिभिजनहरूको आम्दानी बढ्ने पत्रकार र कर्मचारीले न्युनतम पारिश्रमिक पाउने साथै गुणस्तरिय टेलिभिजन कार्यक्रमहरू निर्माण र प्रसारण हुने देखिन्छ ।

भेदभावपुर्ण टेलिभिजन वर्गीकरण

वर्तमान राष्टिूय प्रसारण ऐन २०४९ र नियमावलीले स्वदेशी र विदेशी गरी टेलिभिजनहरू च्यानलहरूलाई विभेद गर्दै सो विभेदपुर्ण भेदभावका आधारमा नै सेवा सुविधा प्रदान गर्दै आएको छ । ऐनले विदेशी च्यानलहरूले नेपालमा डाउनलिंक गर्नुपर्ने भनी स्पष्ट व्यवस्था गरेको भए पनि आधिकारिक रूपमा नेपालमा विक्रेता राखी सिग्नल वितरण गर्नपर्ने नपर्ने सम्बन्धमा केही नवोलेको हुदा केही च्यानलहरू सिग्नल वितरकको लाइसेन्स लिएर संचालन भएका छन जसले कर रोयल्टी सवै तिर्छन भने केही च्यानलहरू सिधै भारतवाट संचालित भएको र आफनै भारतिय प्रान्त जस्तो सुविधामा संचालित छन ।

क्लिनफिड र विज्ञापन वोर्ड

क्लिनफिड कार्यान्वयन प्रभावकारी बनाउन र नेपालमा एकद्वार प्रणालीबाट विज्ञापन वितरण गर्ने अवधारणा स्वरूप विज्ञापन वोर्डको गठन गर्न लागिएको देखिन्छ । विज्ञापन नियमन गर्ने ऐन,२०७६ को परिच्छेद ३ को दफा १४ मा नेपालमा विज्ञापन नियमनको लागि एक विज्ञापन वोर्ड गठन गरिने उल्लेख गरिएको छ ।सोहि ऐनको दफा १५ मा विज्ञापन वोर्डको काम उल्लेख गरिएको छ । विज्ञापन सम्बन्धि राष्टिूय निति तय गरी मन्त्रालयमा सिफारिस गर्ने,प्रसारण हुने विज्ञापनहरूको मापदण्ड परिक्षण गर्ने,विज्ञापन सम्बन्धमा आचारसंहिता तया गर्ने,प्रचलित कानुन विपरितका विज्ञापनहरू प्रसारण गर्न रोक लगाउने र विदेशी च्यानलहरूबाट प्रसारण हुने विज्ञापनहरू मापदण्ड विपरीत प्रसारण भएमा त्यसको अनुगमन गरी कारबाहीको लागि मन्त्रालयमा सिफारिस गर्ने लगायतका रहेका छन ।

संघिय सरकारका विभिन्न मन्त्रालय र निकायहरूले आफुखुसी वितरण गर्दै विज्ञापनहरू अव विज्ञापन वोर्ड मार्फत मात्रै वितरण गर्ने। अव वोर्ड गठन पश्चात सवै संघिय सरकार अन्तर्गतका निकायहरूले विज्ञापनहरू विज्ञापन वोर्डलाई दिन पर्ने र सो विज्ञापनलाई वोर्डले एकद्वार प्रणाली मार्फत वितरण गरी विज्ञापन प्रकाशन तथा प्रसारण गरे वापत रकम भुक्तानी दिने गर्छ ।

क्लिनफिडमा व्यावसायिको फरक माग

पछिल्लो समय व्यावसायीहरूले क्लिनफिड आमसंचार माध्यममा मात्रै सरकार केन्द्रित भएको तर दूरसंचार माध्ययमा ध्यान नदिएको भन्दै आमसंचारका साथसाथै दूरसंचारका माध्यमबाट प्रसारण हुने सामाग्रीहरू समेत क्लिनफिडमा संचालन हुनुपर्ने माग गरेका छन । क्लिनफिड कार्यान्वयन हुनपर्छ भनेर लगभग सबै सहमत भए पनि पछिल्लो समय टेलिभिजन र केबल व्यवसायीहरूले केही समसमायिक मागहरू राखेका समाचारहरू वाहिर आएका छन ।नेपाल सरकारले ऐन तयार गर्दा नेपालमा प्रसारण हुने विदेशी टेलिभिजनहरू क्लिनफिडमा संचालन हुनुपर्छ भनेर उल्लेख गरेको तर नेपालमा OTT (Overt the Top) अर्थात मोवाइल एप्स जस्तै नेपाल टेलिकमको ध्बयतष्भ, उचबदजग, लभततख लगायतबाट प्रसारण हुने त्यही च्यानलमा विज्ञापन समावेश हुने तर केबुल र डिश मिडिया वा स्याटेलाइवाट प्रसारण हुने टेलिभिजनहरूमा चाहि क्लिनफिड हुदा व्यावसायिहरूमा मर्का पर्न जाने देखिन्छ ।

यसका साथै अनलाइन टेलिभिजन र वेभसाइटहरूबाट स्ट्रीम हुने टेलिभिजनहरू र कार्यक्रम साथै युट्युवमा चाहि क्लिनफिड सम्बन्धमा सरकारले ध्यान नदिने तर खालि केबुल र डिश मिडियालाई मात्रै फोकस गर्ने गरेको अवस्था देखियो भनी व्यवसायिहरूले सरकारलाई ध्यानाकर्षण गराइसकेको देखिन्छ । एकहदसम्म व्यावसायिहरूको यो माग सहि पनि देखिन्छ ।

क्लिनफिडका समस्याहरू

पछिल्लो समय नेपालमा क्लिनफिड कार्यान्वनमा आए दक्षिण एशियामा नै पहिलो हुने भनेर समेत प्रचारवाजि बाँकी ८ पृष्ठमा

## सिटी एक्सप्रेसको १०,००० हातमा योजना सार्वजनिक

काठमाडौं । सिटी एक्सप्रेस मनी ट्रान्सफरले समस्त नेपालीहरुको महान चाड दशैं, तिहार र छठ्लाई लक्षित गर्दै ग्रहकहरुसँग पर्वको खुशी साट्न लगातार ६० दिन सम्म चल्ने जब सिटी एक्सप्रेस छ साथमा, हरेक दिन रु १०,००० हातमा उपहार योजना घोषणा गरेको छ ।

सिटी एक्स्प्रेसको यो उपहार योजना अन्तर्गत लक्की ड्र मार्फत ६० दिन लगातार हरेक दिन १ जना विजेतालाई रु १०,००० उपहार प्रदान योजना ल्याएको छ । कम्पनीका अनुसार जब सिटी एक्सप्रेस छ साथमा, हरेक दिन रु १०,००० हातमा अफर असोज १५ गते देखि मंसिर १५ गते सम्म लागू हुने




गरी योजना सार्वजानिक गरेको छ । यो अवधिभरी सिटी एक्सप्रेस मार्फत देश विदेशबाट पैसा पठाउने सम्पूर्ण सेवाग्राही यो उपहार योजनामा सहभागी हुनेछन् । उपहारको विजेता छनौट गर्दा विद्युतीय प्रणालीद्वारा गरिने र यो योजना सिटी एक्स्प्रेसमा कार्यरत कुनै पनि व्यक्तिलाई लागु हुनेछैन ।

सिटी एक्स्प्रेसले रेमिटान्स क्षेत्रमाआफ्नो छुट्टै पहिचानबनाउदै बिगत १४ वर्ष देखि कोरिया, जापान, साउदी, कतार, कुवेत, मलेशिया , अष्ट्रेलिया, लगायत संसार भरबाट विप्रेषण सेवाप्रदानगर्दै आइरहेको छ । आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका १०,००० भन्दा बढि भुक्तानी केन्द्रहरु मार्फत छिटो,सहज र सुरक्षिततरिकाले भुक्तानीप्रदानगर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरु प्रदान गर्दै आइरहेको रेमिट्यान्स कम्पनी हो ।

## मुक्तिनाथ रेमिटको सेवा अब अष्ट्रेलियाबाट पनि

काडमाडौ । मुक्तिनाथ विकास बैंकले अष्ट्रेलियाबाट पनि रेमिट सेवा सञ्चालन गरेको छ । अष्ट्रेलियामा रहेका नेपालीहरुको लागि मुक्तिनाथ रेमिट अष्ट्रेलिया लिया (:uktinath Remit Australia) को कार्यालय तथा मुक्तिनाथ रेमिट अष्ट्रेलियाको website httpsM//www.muktinathremit.com.au मा Log in गरी वा मोबाईल एप्सबाट नेपालमा रहेका कुनैपनि बैंकको खातामा रकम पठाउन सक्नेछन् ।

मुक्तिनाथ रेमिट मार्फत पठाएको पैसा नेपालमा रहेको मुक्तिनाथ रेमिटको ४,००० भन्दा बढी एजेन्ट मा र्फत प्राप्त गर्न सकिनेछन । थप विस्तृत विवरणका लागि मुक्तिनाथ रेमिट अष्ट्रेलियाको MhttpsM//www.muktinathremit.com.au पनि हेर्न सकिने बैकले उल्लेख गरेको छ । कोरोनाको संक्रमणबाट सुरक्षित भई डिजिटल बैंकिङ्ग कारोबार प्रोत्साहन गर्न बैंकको ग्राहकले VISA Network अन्तर्गत जुन सुकै बैंकको ATM बाट विना शुल्क रकम झिक्न सकिने व्यवस्था गरिएको समेत बैंकले जनाएको छ ।

## राष्ट्र बैंकले २५ करोड २६ लाख मुद्दती निक्षेपमा लगानी गर्ने

काठमाडौं । नेपाल राष्ट्र बैंकले २५ करोड २६ लाख रुपैयाँ मुद्दती निक्षेपमा लगानी गर्ने भएको छ । बैंकले सूचना जारी गरेर उक्त रकम क, ख र ग वर्गका




बैंक तथा वित्त कम्पनीमा १ वर्षको लागि लगानी गर्न लागेको हो ।

राष्ट्र बैंकले 'क' वर्गका वाणिज्य बैंकमा २० करोड २१ लाख रुपैयाँ, 'ख' वर्गका राष्ट्रिय स्तरका विकास बैंकमा ३ करोड ७८ लाख रुपैयाँ र 'ग' वर्गका राष्ट्रिय स्तरका वित्त कम्पनीमा १ करोड २७ लाख रुपैयाँ लगानी गर्न लागेको हो । बैंक तथा वित्तीय आफूले लिन चाहेको रकम र त्यसको लागि ब्याजदर समेत खुलाएर कात्तिक १८ गते २ बजे भित्र राष्ट्र बैंकमा शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम बुझाउनु पर्ने छ ।

त्यसको लागि राष्ट्र बैंकले विभिन्न शर्त समेत तोकेको छ । जसमा बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको २ वर्ष हुनुपर्ने, बैंकले तोकेको न्युनतम पूँजीकोष कायम गरेको, निष्कृय कर्जा कुल कर्जा सापतको ५ प्रतिशत भन्दा कम भएको खुद तरल सम्पती स्वेदशी निक्षेपको कम्तीमा २० प्रतिशत वा सो भन्दा बढी रहेको हुनुपर्ने लगायतका शर्त रहेका छन् ।

## स्ट्याण्डर्ड चार्टर्ड बैंकको सेयर मूल्य यसकारण घट्यो २७ रुपैयाँले

काठमाडौं । स्ट्याण्डर्ड चार्टर्ड बैंकको सेयर मूल्य एकै दिन २७ रुपैयाँले घटेको छ । गत बिहीबार प्रतिकित्ता ६८३ रुपैयाँ रहेको सेयर आइतबार एकै दिन २७ रुपैयाँले घटेर ६५६ रुपैयाँ पुगेको छ । यसअघि बैंकको सेयर कारोबार




मूल्य क्रमिक रुपमा बढी रहेको थियो । तर एकै दिन आइतबार सेयर मूल्य प्रति कित्ता २७ रुपैयाँले घटेको हो । बैंकको सेयर एकै दिन ३.९५ प्रतिशतले घट्नुको कारण बैंकले घोषणा गरेको लाभांशलाई लिइएको छ ।

बैंकले गत साता अहिलेसम्मकै सबैभन्दा थोरै लाभांश घोषणा गरेको थियो । त्यसको असर आइतबारको कारोबारमा देखिएको छ । बैंकले आर्थिक वर्ष २०७६२०७७ को वितरणयोग्य नाफाबाट लगानीकर्ताका लागि ७ प्रतिशत बोनस र ४.४८ प्रतिशत नगद गरी कूल ११.४८ प्रतिशत लाभांश दिने घोषणा गरेको छ । जुन अहिलेसम्मकै थोरै हो । त्यसको असर आइतबारको कारोबारमा देखिएको लगानीकर्ताको भनाइ छ । बैंकले उक्त लाभांश घोषणा गरेपनि राष्ट्र बैंकले उक्त लाभांश वितरण गर्न अनुमति दिने सम्भावना कम रहेको छ ।

बैंकले लाभांश घोषणा गर्दा बोसर ७० र नगद ३० अर्थात बोनस र नगदको अनुपात ७०:३० भित्र कायम गर्नु भनेको छ । तर बैंकले गरेको प्रस्ताव ७०:३० अनुसार नहुने भएपछि उक्त प्रस्ताव राष्ट्र बैंकबाट फिर्ता हुने छ ।

बैंकले हाल गरेको लाभांश अनुपातमा नगद ३.५५२ र बोनस ८.२८८ प्रतिशत हुन आउँछ यो भनेको नगद लाभांशको अनुपात ४०.८७ प्रतिशत हुन्छ । यसर्थ बैंकको बोनस र नगदको लाभांश अनुपातमा बोनस ५९:१३ र नगद ४०:८७ अनुपातमा रहेको छ ।

## कुमारी बैंकमा तलब खाता हुनेले १ लाख रुपैयाँसम्म ऋण पाउने

काठमाडौं । कुमारी बैंक लिमिटेडले आफ्ना ग्राहक महानुभावहरुको सुविधाका लागि फोनलोन नामक नयाँ कर्जा सुविधा प्रदान गरेको छ । आफ्ना सेवाहरुलाई डिजिटल मैत्री बनाउँदै ग्राहकहरुलाई सरल र सहज सेवा प्रदान गर्ने उद्देश्यले फोनलोन नयाँ सेवा संचालनमा ल्याएको हो । कुमारी बैंकमा विभिन्न तलब खाता संचालन गरिरहेको ग्राहकहरुले अधिकतम ३० दिनसम्मका लागि अधिकतम १ लाखसम्म कुमारी स्मार्ट मोबाइल बैकिङ्गबाट फोनलोन सुविधा सहजै प्राप्त गर्न सकिन्छ भने कर्जाको लागि कुनै पनि धितोको आवश्यकता रहने छैन भने कुनै निवेदन दिन र कानूनी कागजात गरीरहनु पर्ने छैन ।

ग्राहक महानुभावहरुलाई आवश्यक भइरहने खर्च व्यवस्थापन गर्न फोनलोन सुविधाबाट अधिकतम लाभ प्राप्त हुनेमा बैंक विश्वस्त रहेको छ । आगामी दिनहरुमा कुमारी बैंक लि.ले आफ्ना सेवाहरुलाई अझ सहज र डिजिटल मैत्री बनाउँदै लगिने विश्वास दिलाएको छ । आफ्ना देशव्यापी १८४ शाखा-संजाल, १४४ एटिएम, २१ शाखारहित बैंकिंग इकाई तथा १३ एक्टेन्सन काउन्टर मार्फत अत्याधुनिक वित्तिय सेवा सुविधा दिँदै आएको कुमारी बैंकले आगामी दिनमा पनि अझ प्रभावकारी तथा ग्राहकमुखी सेवा विस्तार गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

## लक्ष्मी बैंकलाई एडिबीद्धारा अग्रणी साझेदार बैंकको रुपमा सम्मान

काठमाडौं । लक्ष्मी बैंकले एसियाली विकास बैंकको ट्रेड एण्ड सप्लाई चेन फाइनान्स प्रोग्रामबाट सन् २०२० को लागि नेपालको अग्रणी साझेदार बैंकको रुपमा सम्मान पाएको छ । सन् २०१९ जुलाई १ देखि २०२० जुन ३० को अवधिमा नेपालबाट सर्वाधिक कारोबार गरेवापत सम्पन्न एक भर्चुअल कार्यक्रममा बैंकलाई उक्त सम्मान प्रदान गरिएको हो । लक्ष्मी बैंकको संजाल ४८ जिल्लामा १२१ शाखा, ७ वटा एक्स्टेन्सन काउण्टर, ४ हस्पिटल सेवा काउन्टर, १५१ एटिएम, २५०० भन्दा बढि रेमिटेन्स् एजेन्टतथा ६१ शाखा रहित बैंकिङ्ग एजेन्टहरुमा रहेको छ ।

## मितेरी हस्पिटलमा प्रभु बैंकको काउण्टर सञ्चालन

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १६ बाटुलेचौरस्थित मातृशिशु मितेरी हस्पिटलमा प्रभु बैंक लि. ले कार्तिक १७ गतेदेखि आफ्नो एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ । मातृशिशु मितेरी हस्पिटल परिसरमा आज बिहान १०:०० बजे गण्डकी प्रदेशका प्रदेश सभासद माननिय श्री कृष्ण बहादुर थापाज्यूले एक समारोहका विच प्रभु बैंक लि. मातृशिशु मितेरी हस्पिटल एक्स्टेन्सन काउण्टरको समुद्घाटन गर्नुभएको थियो । मातृशिशु मितेरी हस्पिटलमा सञ्चालित प्रभु बैंक लि. को एक्स्टेन्सन काउण्टरबाट विहान ८:०० बजेदेखि साँझ ७:०० बजेसम्म उपचार तथा स्वास्थ्य सम्बन्धी कार्यको सिलसिलामा मातृशिशु मितेरी हस्पिटलमा आउने सम्पुर्ण सेवाग्राहीहरुलाई बैंकिङ्ग सेवा उपलब्ध हुनेछ । उपचारको सिलसिलामा मातृशिशु मितेरी हस्पिटलमा आउने सेवाग्राहीहरुले बुझाउनु पर्ने जुनसुकै रकम विना झण्झट सरल एवं सहज रुपमा प्रभु बैंकको एक्स्टेन्सन काउण्टरमा जम्मा गर्नपाउने छन् । यस एक्स्टेन्सन काउण्टर सञ्चालन पश्चात् मातृशिशु हस्पिटलको आर्थिक क्रियाकलाप बैंकिङ्ग प्रणाली मार्फत् हुने भई प्रशासनिक सहजता प्राप्त हुनेछ भन्ने बैंकले विश्वास लिएको छ । साथै, समाजसेवी भावनाले सामाजिक क्रियाकलापहरुलाई निरन्तरता दिएको यस बैंकले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सेवाग्राहीहरुको सेवामा समेत उल्लेख्य योगदान पुऱ्याउने प्रण गर्दछ । प्रभु बैंकले २१० वटा शाखा कार्यालय, १९५ वटा ब्ت:, ५६ वटा एक्स्टेन्सन काउण्टर तथा १७ वटा शाखा रहित बैंकिङ्ग सेवा मार्फत् अत्याधुनिक प्रविधियुक्त गुणस्तरीय बैंकिङ्ग सेवा प्रवाह गरिरहेको छ ।

## दशौ सुसेली

## बैंकहरुलाई गभर्नरको निर्देशन

काठमाडौं । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले कोरोना भाइरसका कारण समस्यामा परेका उद्योगी तथा व्यवसायीलाई नकस्न र कालोसूचीमा राख्ने धम्की नदिन निर्देशन दिएका छन् । राष्ट्र बैंकले आइतबार आयोजना गरेको वेबिनारमा उनले कोभिडका कारण मारमा परेका व्यवसायीलाई राहत प्रदान गर्न र उनीहरुलाई कुनै प्रकारको दबाव दिएर हतोत्साहित नबनाउन आग्रह गरे । 'कोभिडभन्दा पहिल्यैको कर्जा भएको खण्डमा भने छुट दिन सकिँदैन, मिल्दैन पनि तर, कोभिडका कारण मारमा परेका व्यवसायीलाई कस्ने कुरा मिल्दो हुँदैन, उनीहरुको व्यापार व्यवसाय जोगाउनेतर्फ लाग्नुस्,' गभर्नर अधिकारीले भने । कमाउन सक्नेबाट ऋण उठाउन कुनै आपत्ति नभए पनि समस्यामा परेका, कमाउन नसकेका व्यवसायीलाई समस्यामा पार्ने यो समय नभएको उनको भनाइ छ । बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहक आफैं चिन्ने भएकाले को समस्यामा छन्, कसले कमाएका छन् भन्ने पनि उनीहरुले नै पत्ता लगाउन सक्ने उनको भनाइ छ । 'कमाएका छन् भने कसेर लिनुस्, उबाट असुल गर्नुस् तर समस्यामा परेकालाई बढी मारमा नपार्नुस्,' गभर्नर अधिकारीले भने । समस्यामा परेका व्यवसायीलाई राहत दिएर, उनीहरुको भावना बुझेर दीर्घकालसम्म हुने गरी व्यवसाय गर्ने वातावरण बनाउन उनले आग्रह गरे । उनले चालु आर्थिक वर्षका लागि ल्याइएको मौद्रिक नीति कार्यान्वयनमा लागि ल्याइएको भन्दै नीति कागजमा सिमित गर्नका लागि नभएको बताए ।

उनले मौद्रिक नीति कार्यान्वयनको क्रमम कही कतै समस्या भएको खण्डमा त्यसलाई क्रमशः संशोधन गरिने बताए । पुनरकर्जा र सहुलियतपूर्ण कर्जाका सन्दर्भमा देखिएको दुविधा तथा सूचनाको अभावलाई समेत सम्बोधन गरिने उनको भनाइ छ । 'रिफाइनान्सको फर्म भर्न दिएनन्,, सोर्स लगाएर मात्र फर्म पाइन्छ भन्ने गुनासो मैले सुने, हामीले उपभोक्ताको हितका लागि छुट्टै यूनिट बनाएका छौं, त्यहाँ उजुरी गर्नुस् हामी कारवाही गर्छौं,' गभर्नर अधिकारीले भने ।

## ७२ अर्ब रुपैयाँ पुनरकर्जा माग, कसले कति पाउँछन् ?

काठमाडौं । नेपाल राष्ट्र बैंकमा ७२ अर्ब रुपैयाँ पुनरकर्जा माग भएको छ । सहुलियत ब्याजदरमा ४४ बैंक तथा वित्तीय संस्थामार्फत ऋणीहरुले पुनरकर्जाको आवेदन गरेको हुन् । राष्ट्र बैंकले एक मुष्ट पुनरकर्जाका लागि आवेदन दिने समय असोज मसान्तसम्म तोकेको थियो । प्राप्त पुनरकर्जा आवेदन अध्ययन तथा विश्लेषणको क्रममा रहेको र अध्ययन पछि ऋणीको आवश्यकता अनुसार कर्जा प्रदान गरिने राष्ट्र बैंकले जनाएको छ । राष्ट्र बैंकले पुनरकर्जा कोभिड १९ ले प्रभावित क्षेत्रको वर्किकरण गरेर सोही अनुसार वितरण गर्ने उल्लेख गरेको छ । केन्द्रीय बैंकले वर्गिकरण गरेको क्षेत्रमा परेकामा ऋणीले पुनरकर्जा न्यूनतम १ प्रतिशतदेखि ५ प्रतिशत ब्याजदर अनुदानमा उपयोग गर्न पाउँछन् । कोभिड प्रभावित क्षेत्रमा अति प्रभावित, मध्यम प्रभावित र न्यून प्रभावित गरी वर्गिकरण गरेको छ ।




जसमा पर्यटन, होटल क्षेत्रलाई राष्ट्र बैंकले अति प्रभावित क्षेत्रमा वर्गिकरण गरेको छ । अति प्रभावित होटल क्षेत्रबाट मात्र ८ अर्ब ७ करोड रुपैयाँ पुनरकर्जाको माग भएको छ । राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत् कोरोना भाइरसले समस्यामा परेको व्यवसायलाई उकास्न राहत प्याकेज कार्यक्रम अन्तर्गत सरकारले ६० अर्बको पुनरकर्जा कोषलाई बढाएर १ खर्ब रुपैयाँ पुर्याएको छ । पुनरकर्जा कोषबाट राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई आवेदनको आधारमा एक मुष्ट पुनरकर्जा प्रदान गर्ने र बैंक तथा वित्तीय संस्थाले ग्राहक ऋणीलाई पुनरकर्जा वितरण गर्छ । पुनरकर्जाको नयाँ कार्याविधि अनुसार यसपटकबाट लघुवित्त संस्थाहरुले पनि एकमुष्ट कर्जाको माग राष्ट्र बैंकमा गर्न पाउने व्यवस्था गरिएको छ । राष्ट्र बैंकले कोषमा उपलब्ध रकमभन्दा ५ गुणा बढीसम्म कर्जा प्रयोग गर्न मिल्ने गरी पुनरकर्जा कार्यविधि जारी गरेको छ । जसमध्ये ७० प्रतिशत अर्थात् १ खर्ब ४८ अर्ब ४ करोड रुपैयाँ बैंक तथा वित्तीय संस्थालाई पुनरकर्जा प्रवाह गर्न सक्ने अवस्था रहेको राष्ट्र बैंक नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले बताए । 'पुनरकर्जा कोषबाट २० प्रतिशत अर्थात् ४२ अर्ब ५ करोड ग्राहक ऋणीअनुसार प्रवाह गर्न सक्ने अवस्था,' ढकालले राष्ट्रद्वारा आयोजित मौद्रिक नीतिको कार्यान्यवनको अवस्था र समसामायिक आर्थिक गतिविधि सम्बन्धी अन्तरक्रियामा भने, 'यस बाहेक १० प्रतिशत अर्थात् २१ अर्ब २ करोड लघुवित्त वित्तीय संस्थाहरुलाई प्रवाह गर्नसक्ने अवस्था छ ।' पुनरकर्जा कार्याविधि जारी गरिसकेके पछि २६ जना ऋणीहरुलाई करिब ५ अर्ब ९ करोड रुपैयाँ पुनरकर्जा वितरण भइसकेको राष्ट्र बैंकले उनले जानकारी दिए । पुनरकर्जा लिने ऋणीहरु अधिकांश कोभिडबाट अति प्रभावित होटल क्षेत्रमा गएको ढकालले बताए । बैंक तथा वित्तीय संस्थाको हरेक शाखाबाट कम्तीमा ५ जना ऋणीको पर्ने गरी एकमुष्ट पुनरकर्जा आवेदनको आह्वन राष्ट्र बैंकले गरेको थियो । केही बैंक तथा वित्तीय संस्थाले मात्र सोही अनुसार आवेदन पठाएपनि केहीले सो अनुसार नगरेको कार्यकारी निर्देशक ढकालको भनाइ छ । 'केही बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकको निर्देशनअनुसार आवेदन संकलन गरेको छैनन्,' उनले थपे, 'यस विषयमा हामी भालीका दिनमा छलफल गर्ने छौं ।' प्रदेशगत रुपमा पुनरकर्जाको माग सबैभन्दा बढी बागमति प्रदेशबाट १८ अर्ब रुपैयाँको आएको उनले जानकारी दिए ।

# कोभिडबाट सिर्जित आर्थिक सङ्कटलाई पार लगाउन महासङ्घमा दरिलो नेतृत्वको आवश्यक : उपाध्यक्ष ढकाल

काठमाडौँ । नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष तथा वरिष्ठ उपाध्यक्षका उम्मेदवार चन्द्रप्रसाद ढकालले विश्व महामारीका रुपमा फैलिएको कोभिड-१९ का कारण सङ्कटमा रहेका साना तथा मझौला व्यवसायलाई बचाउन महासङ्घको अबको नेतृत्व सबल र सक्षम हुनुपर्ने बताउनुभएको छ ।

उहाँले कारोना महामारीका कारण उद्योग र व्यवसाय क्षेत्र सबैभन्दा बढी मारमा परेकाले सम्भावित आर्थिक सङ्कटलाई पार लगाएर निजी क्षेत्रको प्रवर्द्धनमार्फत देशको अर्थतन्त्रलाई ओत प्रदान गर्न अबको महासङ्घमा दरिलो नेतृत्व आवश्यक रहेको बताउनुभएको हो ।

काठमाडौँमा उहाँको टिमका पदाधिकारीसहितका उम्मेदवारसँगको अन्तर्क्रियामा उहाँले भन्नुभयो, “कोभिडका कारण हामीले इतिहासमै कहिल्यै नसोचेको क्षति भोगेका छौँ र अझै हामीलाई के-कस्तो जटिलताको सामना गर्नुपर्ने हो भन्ने स्पष्ट भइसकेको छैन त्यसैले पनि देशको उद्योग एवं समग्र व्यापार व्यवसायलाई बचाइ राख्न र संरक्षण प्रदान गर्न पनि हामीलाई बलियो काँध चाहिएको छ ।” उहाँले सही र सक्षम नेतृत्व चुन्नुपर्ने बेला आएको र महासङ्घको आगामी नेतृत्वले मुलुकको यो जटिल परिस्थितिलाई सहजतातर्फ उन्मुख गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

महासङ्घको नेतृत्वमा सफल र सक्षम व्यवसायी पुगेमा महासङ्घको गौरवपूर्ण इतिहास र अझै कायमै रहने बताउँदै उहाँले भन्नुभयो, “महासङ्घको नेतृत्वमा पुग्ने मान्छे एक सशक्त व्यावसायिक नेटवर्कसहितको एउटा सफल व्यवसायी हुनुपर्ने र यस्तो व्यवसायी देशका समग्र व्यवसायीका समस्यासँग अवगत रहेको हुनुपर्छ ।”महामारीको यो बेलामा अहिले ज्यान जोगाउँ र भोलि व्यवसायलाई पनि माथि उठाउन सबैले मिलेर बल दिनुपर्ने जिम्मेवारीमा अबको महासङ्घको नेतृत्वले काम गर्नुपर्ने उहाँले बताउनुभयो ।

नेतृत्व भनेको सङ्कटको समयको सारथी हो र यस्तै दुःखका बेला नै नेतृत्वको पहिचान हुने भन्दै आफूले महासङ्घको नेतृत्वमा पुगेपछि यस्तै सबैले सम्झिन सक्ने र आडभरोसाको केन्द्र बन्न सक्ने गरी काम गर्ने पनि बताउनुभयो ।

प्रकृतिले थपिदिएको यो चुनौतीसँग जुधेर देशको समग्र निजी क्षेत्रको मनोबल उँचो पार्ने काममा दरिलो आत्मविश्वासका साथ आजैदेखि लाग्न पनि उहाँले आफ्नो टिमका सबै साथीलाई आग्रह गर्नुभयो । आफ्नो समूह अबका सबै चुनौतिको सामना गर्न सक्षम रहेको बताउँदै उहाँले आफ्नो समूहमा साना तथा मझौला व्यवसायीदेखि ठूलो व्यावसायिक घरनासम्मको उपस्थिति रहेकाले महासङ्घको आगामी कार्यकाल थप प्रभावकारी, नेतृत्वदायी र रचनात्मक रहने उल्लेख गर्नुभयो ।

उहाँले कोरोनाका कारण सिर्जना भएका आर्थिक चुनौतीको सामना गर्ने व्यक्तिगत पहल मात्रै काफी नहुने बताउँदै, उहाँले त्यसका लागि महासङ्घको नेतृत्वमा सही र सक्षम व्यक्ति चयन गर्ने उपयुक्त अवसर आएको बताउनुभयो । देशमा औद्योगिक वातावरण निर्माण गर्न, वैदेशिक लगानी भित्र्याउन, नयाँ प्रविधि भित्र्याउन, निजी क्षेत्रको सिर्जनात्मक भूमिका बढाएर व्यावसायिक क्षेत्रमा देखा परेका समस्या समाधान गर्न र व्यवसायीका हकहित तथा अधिकारका लागि सरकारसँग लविङ गर्नसक्ने नेतृत्व चाहिएको बताउँदै आफ्नो समूहले महासङ्घलाई ठूला उद्यमीको मात्रै नभई साना र मझौला उद्योगी व्यापारीको पनि साझा चौतारीका रुपमा स्थापित गर्ने र सबैका समस्याको सुनुवाइ हुने वातावरण बनाउने बताउनुभयो ।

सो अन्तर्क्रियामा ढकाल समूहबाट उम्मेदवार उमेशलाल श्रेष्ठ, गुणनिधि तिवारी, रामचन्द्र संघई लगायतको उपस्थिति थियो ।

# विभिन्न मुद्दाका २६ फरार पक्राउ

तनहुँ । जिल्ला प्रहरी कार्यालय तनहुँले विभिन्न मुद्दाका फरार २६ व्यक्तिलाई आइतबार पक्राउ गरेको छ । प्रहरीले बैकिङ कसुर मुद्दामा फरार रहेका जिल्लाको म्याग्दे गाउँपालिका(३ बस्ने ३१ बर्षीय अमृत भट्टराईलाई पक्राउ गरेको छ । उनीविरुद्ध उच्च अदालत पाटनले विसं २०७६ चैत २ गते सात दिन कैद र रु छ लाख ६७ हजार जरिवाना हुने गरी फैसला गरेको भएको थियो । उच्च अदालतबाट तोकिएको कैद तथा जरिवाना भुक्तान नगरी फरार रहेका निज भट्टराईलाई प्रहरीले पक्राउ गरेको हो । त्यसैगरी साधारण चोरी मुद्दामा फरार रहेका जिल्लाको शुक्लागण्डकी नगरपालिका(३ बस्ने सन्तोष खंग र सोही नगरपालिका(९ बस्ने माईकल भन्ने सन्तोष गौतमलाई प्रहरीले पक्राउ गरेको छ । खंगविरुद्ध तनहुँ जिल्ला अदालतले विसं २०७६ असार ८ गतेको फैसलाले दुई वर्ष दुई दिन कैद, रु २२ हजार ५०० जरिवाना र माईकल भन्ने सन्तोष गौतमउपर दुई वर्ष दुई महिना चार दिन कैद र रु २२ हजार ५०० जरिवना ठहर गरेको थियो । ती दुवै व्यक्ति अदालतबाट फैसला पश्चात तोकिएको कैद र जरिवाना भुक्तान नगरी फरार रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले जानकारी दिनुभयो ।

त्यसैगरी जारी मुद्दामा तनहुँ जिल्ला अदालतको विसं २०७१ मङ्सिर ७ गतेको फैसलाले जनही एक/एक महिना कैद र रु एक हजार जरिवाना तोकिएका भानुनगरपालिका(६ बस्ने बिमल थापा मगर र निजकी श्रीमती सञ्जु थापा मगर पक्राउ परेका छन् ।

त्यस्तै करकाप मुद्दामा फरार आठ, लिखत बेइज्जती मुद्दामा फरार छ, लागु औषध मुद्दामा फरार एक, गाली बेईज्जती मुद्दामा फरार दुई, जारी मुद्दामा फरार एक, नाता कायम मुद्दामा फरार एक, सम्बन्धविच्छेद मुद्दामा फरार एक र जारी मुद्दामा फरार एक जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय तनहुँ तथा मातहत प्रहरी इकाई कार्यालयहरूबाट पक्राउ गरी तोकिएको जम्मा चार वर्ष चार महिना १३ दिन कैद र जम्मा रु सात लाख १६ हजार ६२० जरिवाना भुक्तानको लागि तनहुँ जिल्ला अदालतमा उपस्थित गराइएको हो । अदालतबाट फैसला भई दण्ड, जरिवाना, दसौदी, कोर्ट फि र सरकारी बिगोसमेत तिर्न बाँकी भएका व्यक्तिहरूको खोजी गर्ने कार्यलाई तनहुँ प्रहरीले तीव्रता दिँदै आएको प्रहरी नायब उपरीक्षक तिमिल्सेनाले बताउनुभयो ।

# लिमीवासीलाई हिउँदमा खाद्य सङ्कटको चिन्ता

सिमकोट । हिमाली जिल्ला हुम्लामा हिउँ पर्ने याम शुरु भएसँगै जिल्लाका स्थानीयवासीलाई खाद्य सङ्कटको चिन्ताले पिरोल्न थालेको छ । विशेषगरी हिमालपारिको गाउँ भनेर चिनिने उत्तरी हुम्लाको नाम्खा गाउँपालिका ६ लिमीका नागरिकलाई यो वर्ष नेपाल र चीनको सीमा नाका बन्द भएपछि खाद्यान्नको समस्या हुने देखिएको छ । गाउँमा उत्पादित अनाजले छ महिना मात्रै खान पुग्ने लिमीवासीलाई यो वर्ष चीनसँगको सीमा नाका बन्द हुँदा खाद्य सङ्कट निम्तिने भएको हो । विगतका वर्षमा चीनको ताक्लाकोटमा व्यापार व्यवसाय गरेर कमाइ हुने गर्थ्यो । यो वर्ष सीमा नाका बन्द भएकाले केही कमाउन नसकिएको लिमीका गिरमेत तामाङले गुनासो पोख्नुभयो । बर्सेनि चीनको ताक्लाकोटदेखि खाद्यान्न जोहो गर्दै आएका लिमीवासी यो पटक खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा सिमकोटबाट वितरण गरिने चामलको भर पर्नुपरेको तामाङले बताउनुभयो । लिमीमा कात्तिक अन्तिमबाट हिउँ पर्न शुरु हुने भएकोले अहिले नै खाद्यान्नको व्यवस्था गर्नेतर्फ लागेको अर्का स्थानीय पेमाछोकी तामाङले बताउनुभयो । उहाँका अनुसार सीमा नाका बन्द हुँदा असोज महिनामै लिमीमा खाद्य सङ्कट भएको थियो । “अब हिउँदको तीन महिना लगातार हिमपात हुने गर्छ, हिमपातले बाटो बन्द हुन्छ, यो समयमा हामी लिमीवासीलाई थप खाद्य सङ्कट निम्तिने छ”, उहाँले भन्नुभयो । लमीका लागि दुई हजार क्विन्टल खाद्यान्न स्वीकृत भइसकेको र ठेकेदारले ढुवानी गर्न बाँकी रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा सिमकोटका प्रमुख रामबहादुर विष्टले बताउनुभयो । लिमीमा खाद्य सङ्कट भएको गुनासो आएपछि तत्कालका लागि ३०० क्विन्टल चामल लिमीवासीलाई वितरण गरेको र बाँकी चामल ढुवानी भएपछि लगत्तै पठाइने प्रमुख विष्टले बताउनुभयो । जिल्ला खाद्य व्यवस्था समितिको बैठकले जिल्लाभरिका लागि ७३ हजार क्विन्टल चामल माग गरेको छ तर माग गरेको मध्ये अहिले २५ हजार ८०० क्विन्टल मात्र चामल स्वीकृत भएको छ । सदरमुकामका लागि मात्रै १७ हजार क्विन्टल चामल माग हुँदा १० हजार क्विन्टल स्वीकृत भएको छ । चार हजार ५० क्विन्टल चामल हवाई मार्गबाट सिमकोट खाद्य संस्थानमा पुगेर वितरण गरेर पनि तीन हजार १०० क्विन्टल चामल मौज्दात रहेको शाखा प्रमुख विष्टले जानकारी दिनुभयो । यस्तै सर्केगाड र अदानचुली डिपोका लागि दुई/दुई हजार क्विन्टलका दरले स्वीकृत भएको छ । छप्रेला वितरण केन्द्रका लागि ५००, याङ्चु एक हजार र यो वर्ष स्थापना भएको तुम्चा वालुकुनाका वितरण केन्द्रका लागि ८०० क्विन्टल चामल स्वीकृत भएको तर बाटो समस्याका कारण ढुवानी हुन सकेको छैन । श्रीनगर डिपोमा १५० क्विन्टल र सर्केगाड डिपोमा १०० क्विन्टल चामल मौज्दात रहेको छ । ठेकेदार कम्पनीले समयमै ढुवानी गरेमा यो वर्ष विगतका वर्ष जस्तो हुम्लामा चामलको सङ्कट नहुने देखिएको छ । स्थलमार्गबाट नेपालगञ्जबाट सिमकोट शाखाका लागि प्रतिक्विन्टल रु पाँच हजार ९९०, सुर्खेतदेखि सिमकोटका लागि रु पाँच हजार ४९०, धनगढीदेखि सिमकोटसम्म रु छ हजार १००, नेपालगञ्जदेखि यान्चुसम्म रु पाँच हजार, सुर्खेतदेखि यान्चुसम्म रु चार हजार ८०० ढुवानी लाग्ने गरेको छ । यस्तै हवाई मार्गबाट प्रतिकेजी नेपालगञ्ज-सिमकोटको रु ११३ र सुर्खेत-सिमकोट ढुवानी गर्दा रु १०८ पर्ने गरेको विष्टले बताउनुभयो । कर्णालीका अन्य जिल्लाभन्दा हुम्लाका लागि चामलको कोटा माग गर्दा केन्द्र सकारात्मक देखिएकाले विगतका वर्ष जस्तो ३० केजी चामलका लागि रु पाँच हजार तिर्नुपर्ने अवस्था हुन नदिने नहुने विष्टले बताउनुभयो । खाद्यान्न ढुवानीको जिम्मा सीता र तारा एयरले लिएका छन् ।

नेपाल आयल निगम लिमिटेडको
खाना पकाउने एल.पी.ग्यास प्रयोगकर्ताहरुलाई
सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

NEPAL OIL CORPORATION LTD

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता र सावधानी अपनाउन जरूरी हुन्छ । यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरूमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्त वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरूः

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऊँ भान्छामा सिलिण्डर सधै ठाडो राखी प्रयोग गारैं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रबर पाइप, चुल्होजस्ता उपकरणहरू गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ वर्षमा ग्यासको पाइप फेरौं ।

३. खाना पकाउँदा सधै झ्याल ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

४. काम सकिएपछि सधै रेगुलेटर बन्द गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरूः

५. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिर्खा गन्ध आइरहेको छ भने ग्याँस लिंक भइरहेको छ भन्ने बुझ्नु पर्दछ ग्याँस लिंक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव (knob )बन्द गरौं ।

६. ग्याँस हावाभन्दा गह्रौ हुने भएकोले भूईमा बस्छ । यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर। धुप आदि नबालौं र बिजुली बत्तीलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।

७. ग्याँस लिंक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई झल्भमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्याँस बिक्रेता वा सम्बन्धित ग्याँस उद्योगीलाई

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

# रामेछाप डायरी

## रामेछापमा दुई हजार २७० जनाको पीसीआर परीक्षण

रामेछाप जिल्लामा हालसम्म दुईहजार २७० जनाको पीसीआर विधिबाट कोरोना परीक्षण गरिएकोमा दुईहजार ९६ जनाको रिपोर्ट नेगेटिभ आएको छ । अझै जिल्लाका १२ जनाको पिसिआर रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्ला अस्पतालमा १९९ , रामेछाप सामुदायिक अस्पतालमा ६१ जना , मन्थली नगरपालिकामा ७२४, रामेछाप नगरपालिकामा २७६ , उमाकुण्ड गाउँपालिकामा १९८, खाँडादेवी गाउँपालिकामा १४५, गोकुलगंगा गाउँपालिकामा २५५ , दोरम्बा गाउँपालिकामा ११६, लिखुतामाकोशी गाउँपालिकामा १५३ र सुनापति गाउँपालिकामा १४३ जनाको स्वाब परीक्षण गरिएको थियो । हालसम्म जिल्लाका १६० जनाले कोरोना भाईरसलाई जितेका छन । विभिन्न समयमा कोरोना संक्रमण पुष्टि भएका १६२ जनामध्ये १६० जना निको भैसकेका छन भने २ जना संक्रमितको आईसोलेसनमा उपचार भईरहेको छ । संक्रमति १ जना जिल्ला अस्पताको आईसोलेसनमा र १ जना गोकुलगंगा अस्पतालमा उपचारत रहेको स्वास्थ्य कार्यालय रामेछापले जानकारी दिएको छ । हालसम्म जिल्लाबाटै पिसिआर परीक्षणका लागी पठाइएका १ सय ६२ जनामा कोरोना पुष्टि भएको छ भने जिल्ला बाहिर स्वाब परीक्षण गरिएका तर रामेछाप स्थायी घर भएका १ सय ९४ जनामा गरी ३ सय ५६ जनामा कोरोना संक्रमण देखिएको स्वास्थ्य कार्यालय रामेछापले जानकारी दिएको छ । जिल्लाको कुनै पनि स्थानिय तहमा कोहि पनि व्यक्ति क्वारेन्टिनमा बसेका छैनन् ।

## सेलेघाट-सालु देउराली हुँदै सडक कालोपत्रे हुने

रामेछाप जिल्लाभित्रको रणनैतिक सडक अन्तर्गत रहेको सेलेघाट-सालु देउराली हुँदै साँघुटारसम्म जोडने सडक कालोपत्रे हुने भएको छ । सडक विभागले सडक निर्माणको लागि भारतीय निर्माण कम्पनीसँग ठेक्का सम्झौता गरेको हो । झण्डै पचास किलोमिटर सडक निर्माण गर्न विभागले १ अर्ब ६४ करोडमा ठेक्का सम्झौता गरेको छ । सडकको विस्तृत आयोजना प्रतिवेदन ( डिपिआर)मा २ अर्ब ६ करोड लागत लाग्ने उल्लेख गरिए पनि ग्लोबल टेन्डरमा घटाघट हुँदा १ अर्ब ६४ करोडमा ठेक्का सम्झौता गरिएको सडक विभागले बताएको छ । उक्त सडकले रामेछापको मन्थली नगरपालिकाको वडा नम्बर ४ र ६ हुँदै रामेछाप नगरपालिकाको २, ३, ७, ८ र ९ नम्बर वडा हुँदै साँघुटार जोडिनेछ । रामेछाप जिल्लाभित्र निर्माणाधिन मध्ये यो सडक ठूलो आयोजना हो । गत बर्ष नै ठेक्का आह्वान भएपनि केही प्राविधिक कारणले सम्झौता गर्न ढिलाई भएको थियो । नाला सहित सात मिटर चौडाई रहने सडक आगामी दुई बर्षभित्र सम्पन्न सम्झौतामा उल्लेख गरिएको छ । रामेछापका प्रतिनिधिसभा सांसद श्याम कुमार श्रेष्ठले निर्वाचनमा गरेको प्रतिबद्धता अनुसार सेलेघाट-साँघुटार सडकको कालोपत्रेको काम अगाडि बढन लागेको बताउनुभयो ।

## थानापति महादेव मन्दिरमा सिसि क्यामेरा

रामेछापको मन्थली नगरपालिका वडा नं ९ पुरानागाउँ बाहुँनचुरामा रहेको जिल्लाकै ऐतिहासिक थानापति महादेव मन्दिरमा सिसि क्यामेरा जडान गरिएको छ । बालब्रह्मचारी रामराजन गिरी र थानापति विकास समितिको लगानीमा थानापति मन्दिर परिषरमा तीनवटा सिसि क्यामेरा जडान गरिएको हो । मन्दिरको थप व्यवस्थापन गर्न , मन्दिरमा दर्शनार्थीहरुले चढाएका भेटीघाटीलाई थप पारदर्शी बनाउँन र मन्दिरको सुरक्षालाई मजबुद बनाउँने उद्देश्यले सिसि क्यामेरा जडान गरिएको थानापति विकास समितिका अध्यक्ष राजकुमार बोहोराले जानकारी दिनुभयो । उहाँले थापति मन्दिर विकासका विगत देखिनै सहयोग गर्दै आउनुभएका बालब्रह्मचारी रामराजन गिरी र थानापति विकास समितिको ६५ हजार लगानीमा तीनवटा सिसिक्यामेरा जडान गरिएको बतानुभयो । थानापति महादेवको यो मन्दिरमा शिवरात्री, माघेसंक्रान्ति, तिज एकादशी र ऋषितर्पणी पूर्णिमाका दिन ठुलो मेला लाग्ने गर्दछ । छिमेकी जिल्लाहरु दोलखा, सिन्धुपाल्चोक, ओखलढुङ्गा लगायायत सिराहा धनुसा, खोटाङ्ग र काठमाडौंबाट समेत भक्तजनहरु यस मन्दीरमा दर्शन गर्नका लागि आउँने गरेका छन् ।

## रामेछापका १६० जना कोरोना मुक्त

रामेछापका १६० जनाले कोरोना भाईरसलाई जितेका छन । विभिन्न समयमा कोरोना संक्रमण पुष्टि भएका १६२ जनामध्ये १६० जना निको भैसकेका छन भने २ जना संक्रमितको आईसोलेसनमा उपचार भईरहेको छ । संक्रमति १ जना जिल्ला अस्पताको आईसोलेसनमा र १ जना गोकुलगंगा अस्पतालमा उपचारत रहेको स्वास्थ्य कार्यालय रामेछापले जानकारी दिएको छ । हिजो मन्थली नगरपालिकाका दशजना र लिखुतामाकोसी गाउँपालिकाका एकजना गरि ११ जना र सुनापति गाउँपालिकाका ५ जना कोरोनामुक्त भएर घर फर्किएको स्वास्थ्य कार्यालय रामेछापले प्रेस विज्ञप्ती मार्फत जानकारी दिएको छ । हालसम्म जिल्लाबाटै पिसिआर परीक्षणका लागी पठाइएका १ सय ६२ जनामा कोरोना पुष्टि भएको छ भने जिल्ला बाहिर स्वाब परीक्षण गरिएका तर रामेछाप स्थायी घर भएका १ सय ८१ जनामा गरी ३ सय ४३ जनामा कोरोना संक्रमण देखिएको स्वास्थ्य कार्यालय रामेछापले जानकारी दिएको छ । जिल्लामा हालसम्म दुईहजार २५८ जनाको पीसीआर विधिबाट कोरोना परीक्षण गरिएकोमा दुईहजार ९६ जनाको रिपोर्ट नेगेटिभ आएको छ । जिल्ला अस्पतालमा १९९ , रामेछाप सामुदायिक अस्पतालमा ६१ जना , मन्थली नगरपालिकामा ७१२ , रामेछाप नगरपालिकामा २७६, उमाकुण्ड गाउँपालिकामा १९८, खाँडादेवी गाउँपालिकामा १४५, गोकुलगंगा गाउँपालिकामा २५५ , दोरम्बा गाउँपालिकामा ११६, लिखुतामाकोशी गाउँपालिकामा १५३ र सुनापति गाउँपालिकामा १४३ जनाको स्वाब परीक्षण गरिएको थियो ।

## गौरीशङ्कर माविले कक्षा ११ को परीक्षा सञ्चालन गर्ने

रामेछाप जिल्लाकै पहिलो माध्यमिक विद्यालय श्री गौरीशङ्कर माध्यमिक विद्यालयले यहि कार्तिक २३ गतेदेखि कक्षा ११ को परीक्षा सन्चालन गर्ने भएको छ । कोभिड १९ को विश्वव्यापी माहामारीका कारण उत्पन्न परिस्थतीले गर्दा निर्धारित समयमा सम्पन हुन नसकेको २०७७ सालको कक्षा ११ को वार्षिक परीक्षा यहि कार्तीक २३ गतेदेखि सन्चालन गरिने विद्यालय प्रशासनले एक सुचना जारी गरी जानकारी गराएको छ । विद्यालयले जारी गरेको सुचनामा यहि कार्तिक २३ गते बिहान ११ बजे देखी परीक्षा सन्चालन हुने बताइएको छ । विद्यालयमा अध्यनरत सम्पुर्ण नियमीत तथा आंसिक विद्यार्थीहरुले परिक्षामा सामेल भई स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्ड अनिवार्य रुपमा पालना गर्न आग्रह गरिएको छ । यदि परिक्षा छुट्न गएमा पुन परीक्षाको व्यवस्था नभएकाले विद्यार्थी स्वयं जिम्मेवार हुने प्रधानाध्यापक नीर बहादुर कार्कीद्धारा जारी सुचनामा उल्लेख गरिएको छ ।

# कोरोना महामारीमा प्रविधिको प्रयोग : पैसा पठाउन कुन माध्यम रोज्ने ?

रोयल आचार्य

काठमाडौं । कोरोना महामारीको जोखिम कायमै छ । त्यसैले नेपाल राष्ट्र बैंकले सकेसम्म विद्युतीय कारोबार गर्न आग्रह गरेको छ । कोरोना महामारीमात्रै होइन अन्य सामान्य समयमा पनि पनि विद्युतीय कारोबार गर्ने हो बैंकसम्म गइरहनु पर्ने झन्झटबाट मुक्ति मिल्छ । हाम्रो अमूल्य समयको पनि बचत हुन्छ । पैसा पठाउनका लागि बैंकमा लाइन लाग्नु पर्ने समय अन्य कुनै काममा खर्चिन सकिन्छ । त्यहि भएर पनि सरकारले यो क्षेत्रलाई अत्यावश्यक सेवा क्षेत्रको रुपमा राखेको छ ।

कोरोना संक्रमणको जोखिमको यही अवस्था रहे वित्तीय कारोबारका लागि प्रविधि नै निर्विकल्प हो । आजको आवश्यकता भनेको पनि डिजिटल कारोबारलाई बढवा दिने नै हो । कोरोनाका कारण पछिल्लो समय विद्युतीय कारोबारमा आकर्षण पनि बढेको छ । लकडाउनको अवधिमा पनि प्रविधिमा सर्वसाधारणको आकर्षण निकै राम्रो देखिएको छ । तर प्रविधिको उपयोग कसरी गर्ने भन्ने नजान्दा भने केही समस्या झेल्नुमात्रै परेको छैन अनावश्यक बढी शुल्क तिर्नसमेत बाध्य हुनु परेको छ । प्रविधिका विषयमा जानकार नहुँदा महँगो शुल्कमा कारोबार गर्नु पर्नेका उदाहरण पनि धेरै छन् । मानौ, कुनै एक बैंकबाट अर्को बैंकको खातामा रकम पठाउनु पर्यो भने कसरी पठाउने ? मोबाइल बैंकिङ हुनेहरुका लागि फन्ड ट्रान्सफर गर्न सकिन्छ ।

तर यहाँ पनि बुझ्नु पर्ने कुरा के छ भने थोरै जानकारी राख्दामात्रै पनि केही रकम बचत हुन्छ । उदाहरणका लागि, मानौं तपाईंसँग प्रभु बैंकको मोबाइल बैंकिङ छ । तपाईंले कुनै एक बैंकको खाताबाट अर्को कुनै बैंकमा खाता भएको आफन्त वा कसैलाई रकम पठाउनु पर्यो । सीधै मोबाइल बैंकिङबाट फन्ड ट्रान्सफर गर्दा २० हजार रुपैयाँभन्दा धेरै एक पटकमा ट्रान्सफर गर्न मिल्दैन । अब तपाईंले २० हजार रुपैयाँ पठाउनु पर्दा पनि ४० रुपैयाँ शुल्क तिर्नु पर्यो । अर्को २० हजार पठाउनु पर्यो भने २ पटकमा ८० रुपैयाँ थप खर्च हुन्छ । साधारण हिसाबले हेर्ने हो भने यो महँगो शुल्क नै हो । तर प्रभु बैंककै खाताबाट अर्को कुनै बैंको खातामा पठाएजसरी भुक्तानी सेवा प्रदायकको सहायता लिनु पर्यो भने सस्तो पर्न आउँछ । न्युनतम शुल्कमा नै तपाईंले फन्ड ट्रान्सफर गर्न सक्नु हुन्छ ।

कसरी ?

नेपालमा कनेक्ट आईपीएस, फोन पे जस्ता धेरै यस्ता सेवाहरु दिने माध्यम छन् । ती माध्यमबाट रकम पठाउनु भयो भने तपाईंको केही रकम बच्छ ।

यी दुवैलाई मोबाइल बैंकिङबाट कारोबार गर्न सकिन्छ । मोबाइल बैंकिङबाट सीधै फण्ड ट्रान्सफर गर्दा महँगो शुल्क तिर्नु पर्छ । अहिले मोबाइल बैंकिङबाट रकम पठाउने हो भने अधिकांशले ५ हजार रुपैयाँ पठाउँदा २० रुपैयाँ एक्स्ट्रा खर्चिनु पर्छ । यो २० रुपैयाँ बैंकले सेवा शुल्क वापत लिने हुन् । फोन पेबाट पनि अहिले ५ हजार पठाउँदा थप २० रुपैयाँ नै तिर्नु पर्छ । तर कनेक्ट आईपीएसबाट पठाउँदा भने यति महँगो शुल्क तिर्नु पर्दैन । कनेक्ट आईपीएसबाट पठाउने हो भने ५ हजार रुपैयाँ पठाएको जम्मा ५ रुपैयाँ मात्रै तिर्नुपर्छ । ५० हजार पठाउँदा पनि जम्मा १० रुपैयाँमात्रै कनेक्ट आईपीएसले सेवा शुल्कवापत लिँदै आएको छ । ५ सय रुपैयाँसम्म रकम पठाउँदा २ रुपैयाँ, ५ सयदेखि ५ हजार रुपैयाँसम्म पठाउँदा ५ रुपैयाँ शुल्क लाग्छ भने ५० हजार रुपैयाँ भन्दा धेरै रकम पठाउँदा १५ रुपैयाँ शुल्क तिर्नु पर्छ ।

एपबाट दिनमा एक लाख रुपैयाँ र महिनामा १० लाख रुपैयाँसम्म पठाउन सकिनेछ भने वेवसाइटबाट कारोबार गर्दा दैनिक १० लाख रुपैयाँ महिनामा ५० लाख रुपैयाँसम्मको कारोबार गर्न सकिनेछ ।

कसरी गर्ने कनेक्ट आईपीएसबाट कारोबार ?

कनेक्ट आईपीएससँग ५५ वटा बैंक तथा वित्तीय संस्थाहरु आवद्ध छन् । अब तपाई यी बैंकहरुमा ५० हजार रुपैयाँसम्मको कारोबार गर्दा अतिरिक्त १५ रुपैयाँमात्रै शुल्क लाग्छ । यसबाट तपाईंले एक दिनमा एक लाख रुपैयाँसम्मको कारोबार गर्न पाउनु हुन्छ भने महिनामा १० लाख रुपैयाँसम्म कारोबार गर्न पाउनु हुन्छ ।

बैंकमा गएर घण्टौं लाइनमा लाग्नु परेन । महँगो शुल्क पनि तिर्नु पर्दैन । मोवाइल बैंकिङ एपबाट पनि कनेक्ट आईपीएसको माध्यमबाट रकम ट्रान्सफर गर्न सकिने छ भने यसबाट कारोबार गर्नका लागि कनेक्ट आईपीएसको मोबाइल एप डाउनलोड गरेर वा वेब ब्रसउजरबाट पनि सीधै खोल्न सकिन्छ । मोवाइल बैंकिङबाटै रकम पठाउँदा छुट्टै लगइन गर्नू पर्दैन तर कनेक्ट आईपीएसबाट कारोबार गर्नका लागि कनेक्ट आईपीस खोलिसकेपछि साइन अप गरेर आवश्यक विवरणहरु भर्नुपर्छ । त्यसपछि लगइन गरेर आफ्नो बैंक खातालाई लिंक गराउन सकिन्छ । यति गरिसकेपछि तपाईंले मोबाइल बैंकिङबाट महँगो शुल्क तिरेर रकम ट्रान्सफर गर्नुपर्ने छैन ।

कनेक्ट आईपीएस ई-पेमेन्ट प्रणाली अनलाइन भुक्तानीको एकीकृत प्ल्याटफर्म हो, जसमा अनलाइन फण्ड ट्रान्सफर, पेमेन्ट प्रोसेसर (गेटवे), क्रेडिट कार्डरबिल भुक्तानी लगायतका सुविधा उपलब्ध छन् ।

उक्त प्ल्याटर्फममा सदस्य बैंकका ग्राहकहरूले फण्ड ट्रान्सफर लगायत अन्य सेवाहरुमा सरकारको राजस्व भुक्तानी, लोकसेवा आयोगको आवेदन शुल्क भुक्तानी, कम्पनी रजिष्ट्रार कार्यालयको भुक्तानी, राहदानी शुल्क भुक्तानी, नागरिक लगानी कोषको भुक्तानी, सामाजिक सुरक्षा कोष सम्बन्धी भुक्तानी, मोबाइल वालेटमा फण्ड लोड, नेप्से अनलाइन ट्रेडिङ्ग तथा सेयर ब्रोकरलाई भुक्तानी, ट्राभल एजेन्सी भुक्तानी, स्कुलरकलेज, इन्स्युरेन्स जस्ता कारोबारहरु गर्न सकिने व्यवस्था छ ।

कनेक्ट आईपीएसबाट एक वा एकभन्दा बढी बैंक खाता लिंक गरी फण्ड ट्रान्सफर गर्न सकिन्छ । साथै कनेक्ट आईपीएसबाट सेयर कारोबार, मोबाइल वालेटमा रकम लोड, स्कुल कलेजको फि, इन्टरनेटको शुल्क, बस टिकट काट्न तथा अन्य विभिन्न भुक्तानी गर्न सकिन्छ । कनेक्ट आईपीएसको वेबसाइटबाट दश लाख रुपैयाँ र मोबाइल एपबाट एक लाख रुपैयाँसम्मको प्रति कारोबार रियल टाइममा गर्न सकिन्छ । नेपाल क्लियरिङ हाउसले सञ्चालन गरेको कनेक्ट आईपीएस नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाबाट प्रवर्द्धित छ ।

**आयुर्वेदिक उपचारको पहिलो रोजाइ**
**विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.**

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

**विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.**
**लाइन्स चोक, नारायणगढ, चितवन**
सम्पर्क पैशा नलाग्ने टोल फि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

**राष्ट्रिय विद्युत समस्याको निराकरणका लागि सरकारी कार्यालयहरुले नै विद्युत खपतको लागि मितव्ययिता गर्ने कदमहरु चालु राखी सर्वसाधारणहरुलाई सुसूचित गराऔं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## अन्तराष्ट्रिय समाचार

### इजरायलले पनि कोरोना भाइरसविरुद्धको खोपको परीक्षण सुरु

इजरायलले आइतबार एउटा कोरोनाभाइरस खोपको क्लिनिकल परीक्षण सुरु गरेको अधिकारीहरूले बताएका छन् । साथै इजरायल सरकारले कोभिड-१९ सङ्क्रमण रोक्न लिएका नियन्त्रणका उपायलाई पनि खुकुलो पार्ने बताएको छ । हामी सुरुङ्को अन्त्यमा प्रकाश देख्न सक्छौं, प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले तेल अवीव नजिकै शेबा मेडिकल सेन्टरमा पत्रकारहरूसँग भन्नुभयो । महामारीको सुरुमै नेतान्याहूले इजरायल इन्स्टिच्युट फर बायोलोजिकल रिसर्च ( आईआईबीआर) लाई कोभिड-१९ भाइरसबिरूद्ध खोप विकास गर्न निर्देशन गर्नुभएको थियो । खोपको सुरुवात शेबा मेडिकल सेन्टर र जेरूसेलमको हद्दास मेडिकल सेन्टरमा कार्यरत दुई स्वयम्सेवकहरूलाई दिएर आइतवार गरिएको हो । इजरायलले पहिलो चरण ८० जनामा खोपको परीक्षण गर्नेछ भने दोस्रो चरणमा ९८० जनामा परीक्षण गर्नेछ र अन्तिम चरणमा अप्रिल वा मेसम्ममा तेस्रो अर्थात् अन्तिम परीक्षण २५ हजार व्यक्तिमा गर्ने बताइएको छ । विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) का अनुसार इजरायली परीक्षण विश्वव्यापी रूपमा परीक्षण भइरहेका अग्रणी ४० खोपहरुमध्ये एक हो । इजरायलमा अहिलेसम्म कूल तीन लाख १४ हजार व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ भने दुई हजार ५४१ व्यक्तिको मृत्यु भएको छ । इजरायलले आइतबारदेखि प्राथमिक तहमा पढ्ने विद्यार्थीका लागि आफ्नो पढाइका लागि विद्यालय जान अनुमति प्रदान गरेको छ ।

### इङ्गल्यान्डमा पुनः लकडाउन

बेलायतले इङ्गल्यान्डमा राष्ट्रिय स्वास्थ्य सेवाका लागि 'स्वास्थ्य तथा नैतिक सङ्कट' रोक्न दोस्रो राष्ट्रव्यापी लकडाउन घोषणा गरेको छ । पछिल्लो निर्णय जारी गर्दै प्रधानमन्त्री बोरिस जोनसनले क्रिसमस 'निकै फरक' हुनसक्ने बताउनुभएको छ । उहाँले महामारी नियन्त्रणका लागि उठाइएको कदमका कारण उक्त पर्वका अवसरमा परिवारका सदस्यहरूबीच भेट हुनसक्ने वातावरण निर्माण हुनेमा विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्रीले रेष्टुरेन्ट, व्यायामशाला र अति आवश्यक सेवामा नपर्ने पसल सबै चार हप्ताका लागि बन्द गरिने बताउनुभयो । तर यस अघिको लकडाउनमा बन्द गरिएका विद्यालय र विश्वविद्यालयलाई यस पटक खुला रहन सक्नेगरी निर्णय सार्वजनिक गरिएको छ । पछिल्लो निर्णय अनुसार निर्माणस्थल र उद्योगहरू खुला रहन सक्नेछन्, छुट्टिएर बसेका बाबुआमा छन् भने छोराछोरी बाबु वा आमाकहाँ जान पाउनेछन् । जोखिममा रहेका मानिसहरूलाई विशेष सावधानी अपनाउन भनिएको छ । प्रधानमन्त्री जोनसनले भन्नुभयो, यो वर्षको क्रिसमस असाध्यै फरक हुनेछ । तर अहिलेको कडा कदमपछि क्रिसमसका बेला परिवारका सदस्यहरूले भेटघाट गर्नसक्ने स्थिति आउन सक्छ । प्रधानमन्त्रीले 'डाउनिङ स्ट्रीट'मा पत्रकार सम्मेलनमा लकडाउनले व्यवसायमा पर्ने असरका लागि दुखी भएको भन्दै कामदारहरूलाई सरकारले काम नगरेपनि ८० प्रतिशत तलब दिने नीति नोभेम्बरसम्म जारी हुने बताउनुभयो । एप्रिलमाभन्दा अझ बढी सङ्क्रमण दर र मृत्यु दरका कारण नयाँ बन्दाबन्दीको घोषणा गरिएका बताउँदै उहाँले 'कुनै पनि जिम्मेवार प्रधानमन्त्रीले' त्यसलाई नजरअन्दाज गर्न नसक्ने धारणा राख्नुभयो ।

### कोरोना संक्रमणबाट अमेरिकामा २ लाख ३० हजार बढीको मृत्यु

कोरोनाभाइरस महामारीबाट सबैभन्दा बढी असर परेको संयुक्तराज्य अमेरिकामा दुई लाख ३० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । जोन्स हप्किन्स विश्वविद्यालयले सार्वजनिक गरेको तथ्याँकमा अमेरिकामा कोरोना संक्रमितको संख्या ९० लाख ९१ हजार पुगेको उल्लेख छ । विश्व स्वास्थ्य संगठनले गत मार्च ११ मा कोरोनाभाइरसलाई विश्वव्यापी महामारीका रुपमा घोषणा गरेको थियो । आइतबार अपराह्नसम्मको विवरण अनुसार विश्वभर कोरोना संक्रमितको संख्या ४ करोड ६४ लाख पुगिसकेको छ भने मृत्यु हुने व्यक्तिको संख्या १२ लाख नाघेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार अझै पनि करिब ८५ हजार व्यक्तिको स्वास्थ्य अवस्था निकै गम्भीर रहेको छ । तीन करोड ३५ लाख संक्रमणमुक्त भइसकेको जनाउँदै संगठनले एक करोड १६ लाख व्यक्तिमा सामान्य किसिमको संक्रमण देखिएको छ ।

### अमेरिकासँगको सम्झौतामा तोकिएभन्दा बढी क्षतिपूर्ति दिन सकिन्नः सुडान

संयुक्तराज्य अमेरिकासँग भएको पछिल्लो सम्झौतामा तोकिएभन्दा अन्य क्षतिपूर्ति सम्बन्धी दाबीहरु भुक्तान गर्न आफूहरु बाध्य नभएको सुडान सरकारले स्पष्ट गरेको छ । संयुक्तराज्य अमेरिकाले क्षतिपूर्तिका विषयमा सुडानसँग सहमति भइसकेको जनाउँदै आतंकवादलाई प्रश्रय दिने मुलुकको सूचीबाट सुडानलाई हटाएको थियो । सुडानको कानुन मन्त्रालयले ट्रम्प प्रशासन र सुडानको नयाँ सरकारबीच एक वर्षअघि देखि वार्ता भएको जनाएको छ । सुडानमा हाल सैनिक र नागरिकको प्रतिनिधित्व रहेको मिश्रित संक्रमणकालीन सरकार गठन भएको छ । सन् २०१९ को अप्रिलमा तत्कालीन राष्ट्रपति ओमार अल-बसिरलाई सैनिक नेतृत्वले अपदस्थ गरेपछि नयाँ सरकार गठन भएको हो । नयाँ सरकारले संयुक्तराज्य अमेरिकासँग रहेको तिक्ततापूर्ण सम्बन्ध सुधार गर्ने प्रयत्न गरिरहेको थियो । सुडानका कानुन मन्त्री नसरिद्दीन अब्दुलबारीले अमेरिकासँग भएको सम्झौताले सुडान र अमेरिकाबीचको सम्बन्धलाई पुनर्स्थापित गर्ने बताउनुभयो । नयाँ सम्झौताले सुडानलाई लोकतन्त्र र आर्थिक सुधारमा थप गति प्रदान गर्न सघाउने उहाँले विश्वास व्यक्त गर्नुभयो । गत शुक्रबार अमेरिकी विदेश मन्त्रालय वासिङटन डिसीमा भएको सम्झौताको हस्ताक्षरले सुडान विरुद्ध अमेरिकी अदालतमा विचाराधीन मुद्दा टुङ्गो लाग्नेछ ।

### टर्कीमा भूकम्पबाट मृत्यु हुनेको संख्या ४२ पुग्यो

टर्कीमा शुक्रबार गएको शक्तिशाली भूकम्पबाट ज्यान जाने व्यक्तिको संख्या ४२ पुगेको छ । भूकम्पका कारण टर्कीमा कम्तीमा ४२ जनाको मृत्यु भएको यहाँका अधिकारीहरुले जनाएका छन् । यो भूकम्पको धक्का अन्य छिमेकी देशहरुमा पनि महसुश भएको बताइएको थियो । तर पनि ती देशहरुमा अहिलेसम्म मानवीय क्षतिको विवरण प्राप्त नभएको अधिकारीहरुले जनाएका छन् । टर्कीको इज्मीर शहरमा शुक्रबार ६.६ म्याग्निच्युडको भूकम्प गएको थियो । उक्त शहरमा अहिले पनि खोजी तथा उद्धार कार्य भइरहेको जनाइएको छ । भूकम्पका कारण अहिलेसम्म ८०० जना घाइते भएको विवरण प्राप्त भएको टर्कीको प्रकोप तथा विपद् व्यवस्थापन कार्यालयले जनाएको छ । भूकम्पपछि सयौं पटक पराकम्प पनि महसुस गरिएको स्थानीय बासिन्दाले जानकारी दिएका छन् । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्डोगानले टेलिभिजनमार्फत् सम्वोधन गर्दै यस भूकम्पबाट मृत्यु हुनेको संख्या ४२ पुगेको जानकारी आइतबार दिनुभएको हो ।

# पुस्तक अंश : सहरको कथा

किशोर नेपाल

कामको मामिलामा केटीहरूमा उत्तरदायित्वको भावना बढी पाइने हुनाले म केटीहरूसँग बढी हिमचिम बढाउन चाहन्थेँ। तैपनि, परिस्थिति सधैं एकनासको रहँदैन । मैले काम गर्न चाहने केटीहरूको एउटा नेटवर्क नै बनाएको थिएँ। त्यसैलाई 'इस्यु' बनाएर मेरा विरोधीहरूले मलाई 'वुमनाइजर र प्लेब्वाइ' भन्नसम्म पनि बाँकी राखेका थिएनन्। ती दुवै गुण ममा थिएनन्। सत्य अलिकति बेग्लै थियो। व्यक्तिगत रूपमा म आइमाईहरूको चरित्रको अध्ययनमा निकै रूचि राख्दथें। आइमाईका बारे मभित्र अनन्त जिज्ञासाहरू थिए। त्यस्तो जिज्ञासा कसमा हुँदैन र? संसारमा लडिएका ठूला-ठूला युद्धका कारण बनेका थिए आइमाईहरू। आफ्नै पतिहरूद्वारा जुवाको खालमा दाउ थापिएकी द्रौपदी सुरूक्क कौरव पक्षमा लागेकी भए महाभारतको युद्ध हुने थियो कि थिएन? रावणले अपहरण गरेर लगेकी सीताले अशोक वाटिकामा रावणसँगै विवाह गरेकी भए त्रेतायुग लम्बिने थियो कि थिएन ?

संसारका ठूला घटनाहरूको निर्माणमा आइमाईहरूको नाज र नखराको ठूलो प्रभाव रहेको छ। म नारी चरित्रका विविध पक्षहरूका बारेमा जान्न चाहन्थें। अनेकौं मानिसहरूका इच्छालाई समुद्रको बीचमा निर्दयतापूर्वक हेलिदिएर रमाउने आइमाईका कथाहरू धेरै पढेको थिएँ मैले। थरिथरिका मानिसहरूसँग भावनात्मक सम्बन्धहरूको खेल कसरी एकैसाथ खेल्न सक्छन् नारीहरू? कसरी छिनमा रिसाउने र छिनमा खुसाउने, छिनमा आँसुका धारा बहाउने र छिनमा हाँसोको फौवारा छुटाउन सक्ने क्षमताको विकास हुन्छ उनीहरूमा? त्यसभन्दा पर मैले केही सोचेको थिइनँ।

ऊ मलाई शहरको सबैभन्दा व्यस्त सडक पुतलीसडकको इन्टर-सेक्सनमा पर्खिरहेकी थिई। त्यो भीडमा मेरा आँखाहरू अरोजालाई खोज्न थाले। ऊ पेटीको एउटा कुनामा उभिएर हात हल्लाइरहेकी थिई। मैले घ्याच्च ब्रेक लगाएर गाडी रोक्नासाथ पलक झप्काउन नपाउँदै ऊ गाडीमा बसिहाली। ऊ यति छिटो उफ्रेर गाडीमा आइपुगेको देखेर म चकित परेको थिएँ।

'यो मेरै कार हो भनेर कसरी चिन्यौ त?' मैले सोधें।

जवाफमा ऊ निकै चिप्लो बोली, 'सर, यो शहरमा तपाईं र तपाईंको कारलाई नचिन्ने को होला र?'

गाडीमा बस्नेबित्तिकै अरोजा गुनगुनाउन थाली। मलाई थाहा पाउन बेर लागेन ऊ कविता र सायरीको सौखिन छ। उसलाई केही उर्दू र अरबी शब्दहरूको ज्ञान पनि छ। नयाँ मानिससँग कुनै वाक्य बोल्दा चलनचल्तीका गीत र गजलहरूमा प्रयोग हुने एक-दुई शब्द मिलाएर त्यसलाई आकर्षक बनाउन खोज्ने उसको बानी नै भइसकेको छ।

मैले उसलाई शहरको एउटा नामुद रेस्टुराँमा लगें। महँगो भए पनि त्यहाँ खानेकुरा निकै धेरै थिए र मिठो पाइन्थ्यो। त्यसबाहेक लामो समयसम्म गफ गरेर बस्ने वातावरण पनि थियो त्यहाँ। खानेबित्तिकै बिल ल्याएर ग्राहकहरूलाई धपाइहाल्ने चलन थिएन। अरोजा पहिलोपल्ट आएकी थिई यो रेस्टुराँमा। थाहा पाएर मलाई आश्चर्य लागेन। बाहिरी जिल्लाबाट सहरमा पढ्न आएका विद्यार्थीहरू यति महँगो रेस्टुराँमा आउन सक्ने कुरै हुँदैनथ्यो ।

अरोजालाई स्ट्यान्डर्ड मेनुको कुनै ज्ञान थिएन । रेस्टुराँमा पुगेपछि उसका बारे मैले थाहा पाएको यो दोस्रो कुरा थियो । अरोजाको अर्डर सुनेर एकछिन वेटर पनि छक्क परेको थियो । उसले परस्पर विरोधी स्वादका खानेकुरा मगाएकी थिई । उसले मगाएका दुवै आइटम साँझका बेला खाइन्नथ्यो। खानेकुराको बीचमा कुनै तालमेल पनि थिएन। उसले पहिले कफी र त्यसपछि सुपको अर्डर दिएकी थिई। यी दुवै पेयका बीचमा मगाउनुपर्ने खानाका बारे उसलाई ज्ञान भएजस्तो मलाई लागेन। मैले ऊसँग बिस्तारै भनें, 'ग्यास्ट्रोनोमीको ज्ञान नभएसम्म कुनै पनि मानिस यो जमानामा आधुनिक बन्न सक्दैन।'

मेरो भनाइले ऊ अलिकति इरिटेट भई र भनी, 'हुनु पनि परेको छैन आधुनिक। जतिबेला आफूलाई जे मन लाग्छ त्यही खाने हो। कफी पिउँदापिउँदै सुप खान मन लागेपछि के गर्नु त?'

खान नजाने पनि अरोजालाई कुन मौसममा कस्तो कपडा लगाउने भन्ने राम्रो ज्ञान थियो। उसलाई थाहा थियो, छातीको माथिल्लो भागलाई अलिकति खुला छाडेर कसरी राम्री देखिन सकिन्छ। कुन मौसममा स्कर्ट घुँडाभन्दा तल लर्किनुपर्दछ ! कान्तिपुरको जाडोमा कसरी कम कपडा लगाएर तातो पाउन सकिन्छ !

पहिरनका हिसाबले त्यस दिन अरोजा निकै सेक्सी देखिएकी थिई। उसले कानमा हरियो पत्थर जडिएको टप लगाएकी थिई। हातका औंलाहरूमा पनि हरियो रंगकै नेलपालिस थियो। जिन्स पाइन्टमा हल्का हरियो रंगको टिसर्ट। मौसमअनुसार उसको च्वाइस उत्कृष्ट थियो।

अरोजा मेरासामु आफूलाई बढी नै फ्रयांक देखाएर इम्प्रेसन दिन खोजिरहेकी थिई। उसको यो फ्रयांक्नेस् बेलाबेलामा अलि खस्रो सुनिन्थ्यो। उसको व्यवहार पश्चिमी समाजका केटीहरूको जस्तो भए पनि मापनमा ऊ गाउँले केटीको हैसियतबाट माथि उठ्न सकिरहेकी देखिन्नथी। बोलीवचन र बडी ल्यांग्वेजका हिसाबले ऊ शहरका सबै रेस्टुराँमा सजिलै पाइने इन्स्ट्यान्ट कफीजस्तै थिई।

यो भेटपछि हाम्रो भेटघाट बाक्लिन थालेको थियो। ऊ अनेकथरिका कुरा गर्दथी। उसको कुराको थिम उसकै समकालीन साथीहरू हुन्थे। आफूबाहेक ऊ आरुना सबै साथीहरूमा कुनै न कुनै खोट देखाएर आफ्नो श्रेष्ठता कायम गर्न खोजिरहेकी हुन्थी। म धेरैजसो उसका कुराहरू बुझ्दैनथें। नयाँ जमानाका ठिटा-ठिटीहरूले कुराकानीको आफ्नै भाषा बनाएका थिए। कुरामा प्रयोग भएका सबै शब्ददहरू नबुझे पनि म ऊसँग होमा हो गरिदिन्थें।

यति छिट्टै र यति गहिरो ढंगले ऊ मेरो साथी बनी कि सम्झेर कहिलेकाहीं आफैं विस्मित हुन्छु म। उसलाई थाहा थियो, म स्वास्थ्यका सम्बन्धमा एकरत्ति जानकारी राख्दैनथें। तैपनि ऊ आफ्नो स्वास्थ्यको एकदमै अन्तरंग समस्याका बारे पनि मसँग प्रश्न सोध्न थालेकी थिई। ऊ कहिले मासिकस्रावको अवस्थामा पेट दुख्दा हुने पीडाबारे मलाई बताउँथी भने कहिले मासिकस्रावपछिका दिनहरूमा हुने कामोद्दीपनका कारण जान्न खोज्दथी। यस्तै कुनै दिन मैले ऊसँग सोधेको थिएँ, 'के तिमीले कुनै मानिससँग शारीरिक खेलको अनुभव गरेकी छ्यौ?'

उसले त्यस्तो सम्बन्धलाई विनाहिच्किचाहट स्वीकार गरेकी थिई। ऊ खुलेकी थिई। त्यसैले मैले अलिकति पनि संकोच नमानी एक दिन उसलाई जिस्क्याएको थिएँ, 'तिमीले कतिवटा ब्वाइफ्रेन्ड फेरिसक्यौ त ?'

उसले मेरो प्रश्नलाई निकै गम्भीरतापूर्वक लिएर जवाफ दिएकी थिई, 'तीनवटा मात्रै हो। तर, स्वाद भने एउटाको मात्रै लिएकी हुँ।'

उसको यो भनाइ मैले त्यतिबेला पत्याउँदै पत्याइन। ऊ जस्ती ताती खालकी केटीले एउटै पुरूषको मात्र स्वाद लिएको पत्याउनु निकै गाह्रो थियो। त्यसो त उसले एउटा पुरूष भोगेकी थिई कि धेरै पुरूषहरूसँग उसको संसर्ग थियो ? यो मेरो चासोको विषय पनि थिएन । ऊ प्रायः कफी पिउन मन पराउँथी । कफी पिउनु शहरिया फेसनको एउटा अनिवार्य भाग बनिसकेको थियो। तर, उसले स्वाद लिएर कफी पिएको मैले कहिल्यै देखिनँ। कफी उसका लागि फेसन स्टेटमेन्टजस्तै थियो। कफी कल्चरमा डुबेका शहरका केटाकेटीहरूको देखासिकीमा मात्रै उसले कफी पिउने कुरा गरेकी हुन्थी। उसको अनुहारले नै बताउँथ्यो, उसको शरीरले क्याफिनको कडा महक होइन, मानिसको तीखो गन्ध खोजेको छ।

एक दिन सूर्यास्तका बेला भएको भेटमा मैले ऊसँग रातभर कान्तिपुर शहरको स्लिजमा हराउने प्रस्ताव राखें। घुमाउरो भाषामा राखेको मेरो प्रस्ताव अरोजाका लागि एउटा सांकेतिक प्रश्न पनि थियो, 'के तिमी मसँग सुत्न चाहन्छ्यौ?'

मैले अलिकति झिनो आशा राखेको थिएँ, उन्माद र आवेगमा अरोजाले मेरो प्रस्ताव स्वीकार गर्नेछ।

तर, मैले आशा गरेजस्तो भएन। प्रश्न सुनेर ऊ एकैछिन अकमक्क परी। एकैछिन अधीर बनी। एकैछिन टोलाइ। अलिकति अप्ठेरो किसिमको छट्पटी देखियो उसमा। उसले आफ्नो कल्पनाको कुनै पनि तहमा मबाट यस्तो प्रस्ताव आउला भन्ने अनुमानसम्म पनि गरेकी थिइन। मानसिक र शारीरिक हिसाबले पनि ऊ यस्तो प्रश्नका लागि तयार थिइन। ऊ अलिकति लजाएजस्तो गरी। त्यसो गर्दा उसको अनुहार अलिकति रातो देखियो। उसको अनुहारको त्यो रातोमा अस्ताउँदो सूर्यले आरुनो रातो रंगको उत्तेजना थपिदिएको थियो अलिकति। उसले एकैछिन टाउको निहुराई। त्यसपछि बिस्तारै भनी, 'बिन्दास भएर रातभर शहरमा हराउने इच्छा नभएको पनि होइन। तर, रात रहिरहँदैन। कतै न कतै पुगेपछि उज्याला हुने बेलामा रातको केही हिस्सा त बिसाउनैपर्छ। कता- कता तपाईंसँग एउटै ओछ्यानमा रात बिताउने मोह नभएको पनि होइन। तर, म त्यसो गर्न सक्दिनँ। म तपाईंको सम्मान र आदर गर्छु। आफूले सम्मान र आदर गरेको व्यक्तिले मलाई टर्न-अन गराउनै सक्दैन। तपाईंले किन बुझ्न खोज्नु'' उसले वाक्य पूरा गरिन।

त्यसपछि धेरैबेर अन्कनाएर भनी, 'म तपाईंकी भावनात्मक प्रेमिका मात्र हुन चाहन्छु। युटोपियन लभर। भावनाका अगाडि सुत्ने चाहना ठूलो हुन सक्दैन।'

उसको कुरा सुनेपछि मैले उसको कानले मेरा शब्दहरू नसमातुन् भन्ने सोचेर बिस्तारै भनेको थिएँ, 'त्यसो भए तिमी सधैं मसँग भावनामा सुतेर चित्त बुझाउनु।'

'के भन्नुभएको?' मेरा ओंठहरू आवाजविना नै चलेको देखेर उसले सोधेकी थिई।

'केही होइन, मेरा ओंठहरू तिम्रो कुरा सुनेर त्यसै चलेका हुन्,' मैले उसलाई टर्काएको थिएँ।

अरोजाका बारेमा मेरा मनका भ्रम र भ्रान्तिहरू छिट्टै भाँच्चिए। केटी मैले सोचेभन्दा धेरै फास्ट थिई।

म सत्ताइस-अट्ठाइस वर्षको त्यस्तो लक्का जवान केटाको खोजीमा छु जोसँग मनग्गे गाँठ होस्। अचेल किन हो किन, त्यस्तो मानिसलाई आरुनो लोग्ने बनाएर भोग्ने मेरो जबर्जस्त चाहना छ। म त्यसैसँग बिहे गरेर स्थायी रूपले उसैकी मात्र भएर बस्न पनि सक्छु। त्यसो नहुन पनि सक्छ। अरू केटासँग मेरो लसपस भयो भने पनि सहनसक्ने खालका उदार केटाहरू पनि त पाइन्छन् होला। यो बिहे भन्ने कुरोमा पनि निकै दम छ जस्तो लाग्न थालेको छ आजकाल। कसैसँग बिहे गऱ्यो भने अहिलेको जस्तो स-साना सुखका लागि समेत कल्पी-कल्पी हिँड्नु त नपर्ला। जीवनमा अलिकति सुरक्षाको अनुभूति त होला ।'

ऊ एकोहोरो बोल्दै थिई, 'अब हेर्नुहोस् न । दिनदिनै मेरो शारीरिक चाहना बढ्दै जाँदो छ। चाहना बढ्यो भन्दैमा साँढे खोज्दै सडकमा दौडिने कुरा पनि भएन। आरुनो चाहनालाई म जथाभावी जस्तो पायो उस्तो मानिसबाट पूरा गर्न पनि सक्दिनँ। सानैदेखि घरबाट टाढा र अलग बस्दै आएकी छु। तैपनि घरले दिएको संस्कारबाट म टाढा हुनसकेकी छैन। अहिले नै म परिवारको इज्जतको पर्दा च्याती हाल्न चाहन्नँ। मलाई त्यो पर्दा र त्यो इज्जतसँग खासै मोह नभए पनि मेरा कारण बाबु-आमा दुःखी हुन् भन्ने म रत्तिभर चाहदिनँ। तैपनि निषेधको त्यो फल खान कति मन लागेको होला मलाई !'

कुरैकुरामा उसले आरुना साथीहरूले नियमित रूपले लोग्नेमानिसको सुख प्राप्त गर्ने गरेको बताएकी थिई। भन्दै थिई, 'होस्टेलमा बस्ने सबैका ब्वाइफ्रेन्ड छन्। पूर्णिमाको त ब्वाइफ्रेन्ड नै आधा दर्जन होलान्। ऊ कहिल्यै होस्टेलमा भेटिन्न। कहिले आउटिङमा हुन्छे, कहिले डेटिङमा। तैपनि मोरी म चोखी छु भनेर कति सजिलैसँग झुट बोल्छे'कहिलेकाहीँ त उसको कुरा सुन्दै पनि रनक्क रिस उठ्छ र उठेर भुत्ल्याइदिउँ जस्तो लाग्छ ।'

अरोजाको मुखबाट पूर्णिमाको नाम सुनेपछि मअचानक गम्भीर भएको थिएँ। एउटी पूर्णिमासँग म परिचित थिएँ। अरोजाकी साथी पूर्णिमा र मैले चिनेकी पूर्णिमा एउटै मानिस हो कि होइन? म भ्रममा थिएँ। एउटी पूर्णिमा मेरो एकजना रमाइलो मित्रकी छोरी थिई। मेरो मित्र एउटा गैरसरकारी संस्थाको कार्यकारी प्रमुख थियो। पैसा मनग्गे कमाउँथ्यो। परिवार पनि सुखी नै थियो। देशको चलनअनुसार उसले आफ्नी पत्नीलाई आरुनै संस्थामा काम लगाएको थियो। उनी नेपाली समाजमा 'जेन्डर इस्यू' की एक्सपर्ट मानिन्थिन्। तीन वर्षअघि संस्थाको कामको सिलसिलामा आएको एउटा नर्वेजियनसँग उनको मित्रता भएको थियो। त्यो मित्रता कतिबेला प्रेम र आकर्षणमा बदलियो उनले पत्तै पाइनन्। पोहोर साल जेन्डर इस्यूमा नर्वे पुगेकी उनी फेरि त्यहाँबाट फर्किइनन्। त्यही नर्वेजियनसँग बस्न थालिन् उनी। उनी उतै रमाइन। वैधानिक रूपले अहिलेसम्म पनि मेरो साथी र उनी लोग्ने स्वास्नी नै छन्। उनले बिहे गरेको वैधानिक खबर पाए पनि मेरो मित्रले त्यसपछि फेरि बिहे गरेको थिएन। उसले आफूसँगै रहेकी छोरीलाई होस्टेलमा राखिदिएको थियो र आफू छाडा जीवन बिताउन थालेको थियो।

'आवारा जीवन नै रमाइलो', उसले एकपटक मसँग भनेको थियो, 'तन्ना फेरेजस्तो दिनहुँ आइमाई फेर्न पाइन्छ। कुनै टण्टा पनि छैन, दायित्व पनि छैन। प्लस टू पास गरेपछि छोरीलाई अमेरिका पठाइदिन्छु। उसका मामाहरू छन् त्यहाँ। त्यहीं बस्छे, पढ्छे। त्यसपछि त झन् मुक्ति नै मुक्ति,' बोलिसकेपछि ऊ खुब हाँसेको थियो। उसको हाँसो उन्मुक्त थियो तर त्यसमा जीवनको कुनै स्वाद होइन विषाद थियो। कुनै आशा थिएन। साह्रै निरस हाँसो थियो त्यो ।

उसको कुरा मेरो मनको भित्री तहमा सियो गडेजस्तै चसक्क गडेको थियो। आँसुले रसाउन खोजेका आँखालाई जबर्जस्ती रोकेर ठट्यौलो पारामा मैले भनेको थिएँ, 'यसो गर्दागर्दै एक दिन तँलाई एड्स हुन्छ। विचार गरेस्। शरीर सुखको खोजी गर्दागर्दै दुःखको गहिरो खाडलमा जाकिएलास् ।'

उसको जवाफ थियो, 'केही छैन। अर्को जन्ममा म साधु बनेर देखाइदिउँला। परमहंस श्रीपाद स्वामीको अनन्य भक्त । तँ अर्को जन्ममा पनि मेरै साथी भएर जन्मिइस् भने खुब रमाइलो होला जीवन । के भन्छस् तँ ?'

ठट्टैठट्टामा नै उसले आरुनो पीडालाई सपाट ढंगले अभिव्यक्त गरेको थियो। उसको कुराले म द्रवित थिएँ। वातावरणलाई हलुका बनाउन मैले भनें, 'म त तैंले जस्तो पुनर्जन्ममा विश्वास नै गर्दिनँ। जन्म लिनैपरेछ भने पनि यस्तो राँगो बनेर जन्मिने चाहना राख्दछु जो भैंसीसँग संसर्गमा नआउँदै कोरलो अवस्थामा नै काटियोस्। म त्यही राँगोको कमलो र नरम मासुको अलिकति छोयला र अलिकति ममचा बनेर कान्तिपुरका मानिसहरूलाई यो शहरको बेस्ट स्वाद दिन चाहन्छु।'

मेरो कुरा सुनेर ऊ गम्भीर भएको थियो। उसका आँखामा आँसु रसाएका थिए। ऊ बिस्तारै बोलेको थियो, 'म त अहिले नै हान्ने राँगो भइसकेको छु।'

देशमा जे-जति विवेकको उज्यालो जोगिएको थियो त्यो पनि धमिलिन थालेको थियो। सारा देश नै पैसाको पछाडि दौडिराखेका बेला अरोजाजस्ती तरूनी केटीमा पैसाप्रति साह्रै ठूलो लिप्सा थियो भने के नै आश्चर्य भो र? तर, अरोजा आफू पैसाका लागि 'जे पनि गर्न' तयार नभएको दोहोऱ्याई रहन्थी। मेरा अगाडि ऊ अरूभन्दा अलिकति फरक देखाउन चाहन्थी आफूलाई।

एक दिन बिहानै मैले अरोजालाई फोन गरें। उसले मोबाइलमा सिआरबिटी सर्भिस लिएकी रहिछ। फोन नउठ्दासम्म एउटा प्रचलित सेक्सी गीत बजिरह्यो, 'जरा, जरा, टच मी, टच मी, टच मी, जरा, जरा, किस मी, किस मी, किस मी, जरा, जरा, होल्ड मी, होल्ड मी '' उसले मोबाइलमा सुनाएको गीतले मलाई तानिरहेको थियो। एकैछिनमा उसले फोन उठाई र मैले हलो भन्न नपाउँदै बोल्न थाली, 'थाहा पाउनुभो, चार दिनअघि मेरो पहिलो ब्वाइफ्रेन्ड अमेरिकाबाट आइपुग्यो। दुई दिनदेखि म उसैसँग घुमिरहेकी छु। हिजो दिनभरि उसलाई मार्केटिङमा सघाएँ। हिजै मैले थाहा पाएँ, ऊ मसँग अझै प्रेम गर्दोरहेछ। मैले पनि उसलाई माया गर्न छाडेकी रहेनछु ।'

फोनमा ऊ एकोहोरो बोलिरहेकी थिई, 'साँच्चै हामीले सम्बन्ध तोडेका रहेनछौं। सम्बन्ध निरन्तर राख्न नसके पनि हामी एकअर्कालाई चाहँदा रहेछौं। ऊ अमेरिका गएपछि मैले अर्को ब्वाइफ्रेन्ड बनाई भनेर गनगन् गर्दै थियो। मैले त सोझै भनिदिएँ, 'तिमी चाहिँ त्यहाँ कुन मेरो यादमा आँसु बहाएर बसेका थियौ र? गर्लफ्रेन्डविना त पक्कै बसेका थिएनौ। तिमी हिँडेपछि मलाई पनि त यहाँ एउटा ब्वाइफ्रेन्ड चाहियो। अमेरिका गएको मान्छेलाई सम्झेर जिन्दगी बिताउन सक्दिनथें म। त्यसैले मैले अर्को ब्वाइफ्रेन्ड खोजें। तिमी त्यहाँ विनागर्लफ्रेन्ड बसेको भए पो गुनासो गर्न पनि सुहाउने थियो। मैले ठीक भनिनँ त ?'

लगातार एकोहोरो बोलिरहेकी थिइ। मैले मोबाइल डिस्कनेक्ट गरिदिएँ।

यसको केही मिनेट पछि अरोजाले अहिलेसम्म कसैलाई चौथो ब्वाइफ्रेन्ड नबनाएको सूचना दिएकी थिई मलाई। ब्वाइफ्रेन्ड बनाउने कि नबनाउने निधो गर्न सकेकी थिइन उसले। ऊ द्विविधाकै अवस्थामा रहेका बेला उसको दोस्रो ब्वाइफ्रेन्डसँग सम्बन्ध सुध्रिएको थियो। ऊसँग भेट भएपछि अरोजाले आरुनै चाहनाअनुसार आरुनो एक्स-ब्वाइफ्रेन्डसँग रात बिताएकी थिई। भन्थी, 'रात बढी भावनात्मक र कम उत्तेजनात्मक हिसाबले बित्यो।' उसले रात बिताउनु र सम्बन्धलाई निरन्तरता दिनुलाई बेग्लाबेग्लै विषय बनाएकी थिइ। उसको दोस्रो ब्वाइफ्रेन्डले बिहे गर्ने प्रस्ताव गरेको थियो। टेलिफोनमा ऊ मलाई सोध्दै थिई, 'म उसलाई के जवाफ दिऊँ ?'

'बिहे गर', मैले जवाफ दिएको थिएँ, 'बिहे भनेको आफैमा एउटा अलग संसार हो। जादूको जस्तो संसार ! ऊसँग बिहे गर र अमेरिका जाऊ । त्यहाँ तिम्रो लोग्नेसँग तिमीसँग खाने, तिमीसँग सुत्ने, तिमीलाई माया गर्ने, तिमीलाई मनोरञ्जन गराउने समय हुने छैन। त्यसैले इन बिटविन एउटा ब्वाइफ्रेन्ड खोज। यति भएपछि अमेरिकामा जीवन सहज ढंगले बिताउन मुस्किल पर्दैन।'

मेरो कुरा सुनेर ऊ रिसाइ। उसलाई लागेछ, म जिस्क्याइरहेछु। त्यस्तो थिएन। म चाहन्थें, केटी बिहे गरेर अमेरिका गई भने जीवनका बारे यसका सबै भ्रमहरू एकै चोटमा तोडिनेछन्।

अरोजा आरुना शारीरिक अंगहरूसँग आफैं आकर्षित थिई। विशेष गरेर शरीरका उभार र कर्भहरूका बारे ऊ निकै कन्सियस थिई। उसले आरुनो छातीको स्याहार ठीक ढंगले गर्ने गरेकी थिई। कहिलेकाहीँ आफूसँग आफैं छिल्लिँदै भन्थी, 'केटीहरूको छाती ढुकुरको आकारमा हुनुपर्छ र कम्मर बारुलाको जस्तो। पुरूषको पहिलो दृष्टि त्यही पर्ने त हो नि !'

शरीरका अन्य अंगहरूको स्याहारसुसार गर्ने कलामा पनि ऊ पारंगत थिई। आँखा केही चिम्सा भए पनि सम्पूर्णतामा उसको शरीर 'मेल्टिङ पट' जस्तो देखिन्थ्यो जहाँ सयौं आँखा एकैसाथ ठोकिन्छन् । ऊ सबैले खोजेर पाउने खालकी केटी पक्कै थिइन। केटीहरूसँग सभ्य व्यवहार गर्न नजान्ने केटाहरूका लागि ऊसँग मित्रता गर्नु सजिलो थिएन। तर, केटीहरूको मनोविज्ञान बुझ्नेका लागि भने ऊ खरबुजाजस्तै कमलो थिई । उसलाई प्रभावमा पार्नु खासै गाह्रो थिएन। ऊ सधैं शक्तिकेन्द्रको नजिक रहन चाहन्थी। 'पावरफुल' भनिने मानिसहरूको ध्यान आफूतिर तानियोस् भन्ने कुरामा सधैं सतर्क रहन्थी। कुन्नि किन हो उसलाई लाग्दथ्यो, सत्तामा भएका मानिसहरू प्रभावकारी हुन्छन् । शक्तिलाई ऊ महत्व दिने गर्दथी । बेला-बेलामा ऊ मलाई झस्काइदिने गर्दथी, 'तपाईंजस्तो साहसी र पावरफुल मान्छेले जे पनि गर्न सक्छ।' उसको कुराले मेरो 'इगो' जगमगाउने गर्दथ्यो। म आफैंलाई सम्हाल्थें र मनमनै भन्दथें, 'समुद्रमा छाल आउने समय बितिसकेको छ। समुद्र शान्त छ।'

एकपल्ट उसले मसँग अमेरिकी भिसा दिलाइदिन अनुरोध गरी। मैले भनें, 'तिमी आफै गएर नियमपूर्वक अप्लाइ गर। पाइहाल्छ्यौ नि !'

उसले तत्काल जवाफ दिएकी थिई, 'अमेरिकाको भिसा पाउनु त्यति सजिलो छैन सर ! यो त धेरै ठूलो कुरा पो हो त। कुनै महत्वपूर्ण मानिसले सिफारिस नगरेसम्म कहाँ दिन्छन् अमेरिकनहरूले त्यति सजिलै भिसा !'

म उसको पहिरनमा निकै ध्यान दिने गर्दथें। गर्मी महिनामा उसको पहिरन आकर्षक हुन्थ्यो। त्यो मौसममा उसलाई देख्दा जिब्रोमा जापानी खाना सुसीको स्वाद आउँथ्यो। पसिनाले लथपथ भिजेकी अरोजा खुब चम्किने गर्दथी। उसको शरीरबाट गुलाब जलले नुहाएको जस्तो, पिपरमेन्ट मिसिएको जस्तो, कस्तो-कस्तो मादक वास्ना आउने गर्दथ्यो । जाडोमा अरोजासँग नारिएर बस्दा निकै गर्मी उत्पन्न हुन्थ्यो शरीरमा। अरोजालाई भने आरुनो सौन्दर्यभित्र छिपेको निर्णायक शक्तिको पत्तो थिएन। उसको जस्तो नाज-नखरा भएका केटीहरूले धेरै महत्वपूर्ण मानिसलाई आरुनो वशमा पार्न सक्थे। यसका लागि उनीहरूले आफूलाई समर्पित गरिहाल्नु पनि पर्दैनथ्यो । त्यो वशीकरण मन्त्र जान्दैनथी अरोजा ।

अरोजालाई सिडक्सनका बारे केही थाहा थिएन। उसँग कसैलाई एकै नजरमा मोहित गर्न सक्ने कला पनि थिएन। आखिर आइमाईहरू भनेको सृष्टिका सबैभन्दा आकर्षक निर्मिति हुन्। उनीहरूको एक-एक पाइलाको बेग्लै अर्थ हुन्छ । उनीहरूको शरीरको प्रत्येक अंगको आरुनै भाषा हुन्छ । त्यो अंग नै मौन अभिव्यक्तिको माध्यम हुन्छ । अरोजा आधुनिक देखिन्थी र पनि उसको आधुनिक स्वरूपभित्र धेरै कमीहरू थिए। कहिले ऊ अमेरिकी अभिनेत्री जुलिया रोबर्टसजस्ती देखिन खोज्थी । कहिले हिन्दी

बाँकी ८ पृष्ठमा

**संकटपूर्ण.......**

डैकती, ठगी, मारपीटमा बढोत्तरी भएको छ । कतिपय घटनाको त उजुरी गर्न समेत नागरिकहरुमा मनोवल छैन । लकडाउनको अवस्थामा धेरैले निरासामा जीवन गुमाएका छन् । यस्ता घटनाले नेपालको जनजीवनलाई अस्तब्यस्त बनाउदै लगेको छ ।

यो अवस्थामा बित्तिय क्षेत्रका कतिपय संस्थाहरुले जरिवानामा छुट दिएका छैनन् । गाउघरमा कर्जाको सरलीकरण भएको भएपनि काठमाडौ उपत्यकामा डन, र टोले रबाफमा तिनिहरुले नै लगानी गरेर चलाउने सहकारी, फाईनान्सहरुले जरिवाना, ऋण प्रवाह गर्दा लगाउने अन्तशुल्क अहिले पनि असुली रहेका छन् । ऋण तिर्न नसकेका ऋणिहरुलाई ताकेता तकेत गरेर तनाव दिईरहेका छन् । कोठामा , घरमा हुल हुज्जत गर्न लगाउने समेत पछि नपर्ने प्रबृति देखिन थालेको छ । नागरिकहरुमा अर्को तनाव उत्पन्न गराएको छ । सरकारको अनुगमन नाम मात्रको अनुगमन भएको छ । गरिखाने समुदायको पक्षमा यतिवेला कुनै निकाय देखिदैन ।

यस्तो जटिल बन्दै गएको नेपाली जनजीवनलाई नेपाल सरकारले सम्बोधन गर्न कुनैपनि कार्यक्रम ल्याएको छैन । कार्यक्रम बजेट भाषणमा भएका पनि कार्यन्वयनमा आएका छैनन् । समयमा नै सरकारले सचेत भएर नागरिकको निरासालाई उत्साह भर्ने काम नगर्ने हो भने धेरै नागरिकहरु आर्थिक संकटले निरासाको बाटोतिर लाग्ने सम्भावना धेरै छ । त्यसैले तत्कालै परिणाम आउने गरी एक्शन लिएर काम गर्नुपर्ने टडकारो आवश्यकता देखिन्छ ।

**भरतपुर.......**

गर्ने प्रक्रिया शुरु गरेका छौं, यस विधिलाई जाइनो फेजी भनिन्छ ।

डा कोइरालाले यस विधिमा आठ घण्टा खाने र १६ घण्टा भोकै बस्ने जानकारी दिनुभयो । खाना नखाएपछि शरिरका कोषलाई ऊर्जा पुग्दैन, उहाँले भन्नुभयो, ऊर्जा नपुगेपछि कोषभित्रको भाइरस मारेर ऊर्जा उत्पादन गर्न थाल्छ । आइसोलेशनमा रहेकालाई प्राकृतिक चिकित्सा पद्धतिबाट उपचार गरिएको उहाँको भनाइ छ ।

नियमित व्यायमसँगै खानपिनमा ध्यान दिइएको छ । मधुमेह भएकालाई अरुलाई भन्दा फरक खानाको व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो । जसका कारण १० देखि १२ दिनमा सङ्क्रमितलाई निको पार्न सकिएको कोइरालाले जानकारी दिनुभयो । आइसोलेशनमा रहेकामध्ये १० प्रतिशत लक्षण भएका छन् भने अन्य लक्षण नभएका छन् ।

**भरतपुर.......**

हुन नसकेको पनि बताए । आइतबार साँझको ब्रिफिङमा अध्यक्ष प्रचण्डले दुई अध्यक्षबीचको संवादमा ओलीले अब कुनै पनि कमिटीको बैठक गर्नुको औचित्य नरहेको भन्दै सल्लाहमै औपचारिक रुपमै अलग भएर काम गरौं भन्ने प्रस्ताव राखेको श्रेष्ठले बताए ।

विभिन्न सञ्चारमाध्यमहरुमा आएजस्तो प्रधानमन्त्री ओलीले अब सँगै अगाडि बढ्न नसक्ने भनी दिएको अभिव्यक्ति साँचो रहेको पनि श्रेष्ठले स्पष्ट पारे । ओलीले प्रचण्डलाई पार्टीका कुनै पनि कमिटीको बैठक नमान्ने बताउँदै सल्लाह गरेरै अलग( अलग हुन प्रस्ताव गरेको कुरा साँचो रहेको पनि प्रवक्ता श्रेष्ठले जानकारी दिए ।

उनले भने, "अध्यक्ष प्रचण्डले हामीलाई जानकारी दिनुभएअनुसार अर्का अध्यक्ष ओलीले बैठकको केही काम छैन, बैठक बसेर के गर्ने भनेर भन्नुभयो र बैठक बस्न अस्वीकार गर्नुभयो भनेर सुनाउनुभयो । बैठक किन बस्न काम छैन भन्दा बैठकको निर्णय त मान्दै(मान्दिनँ तपाईंहरुले बहुमतले निर्णय गरेर हुन्छ ? केन्द्रीय कमिटीबाट निर्णय गर्नुस्, स्थायी कमिटीबाट निर्णय गर्नुस्, सचिवालयको निर्णय गर्नुस् तर बहुमतले गरेको निर्णय म मान्दिनँ । भनेपछि तपाईंहरुले बैठक गरेर के गर्नुहुन्छ ? यति भन्दाभन्दै पनि तपाईंहरुले आफ्नै तर्फबाट बैठक बोलाउनुभयो भने बैठक बोलाउना साथै म ठूलो अर्को एक्सन लिन्छु त्यसको सामना गर्न तपाईंहरु तयार हुनुहोस् । अथवा सल्लाह गरेर अलगअलग होऔं । अब एकै ठाउँ बस्न सकिन्नँ भनेर भन्नुभएको कुरा हामीलाई जानकारी गराउनुभएको थियो ।"प्रवक्ता श्रेष्ठले पार्टी एकता ठूलो मिहिनेत गरेर र क्रान्तिकारी उद्देश्यलाई केन्द्रविन्दुमा राखेर गरिएकाले यसलाई अहिले नै विफल हुन र फुटको स्थिति उत्पन्न हुन नदिन सबै नेता कार्यकर्ताले पहल गर्नुपर्ने बताए । एकता कायम गर्न पार्टीलाई विधि र पद्धतिमा चलाउने र पार्टीको निर्णय सबैले मान्दै कार्यान्वयनमा जाने हो भने पार्टी एकता जोगिने पनि श्रेष्ठले बताए । पार्टीभित्र अहिले औपचारिक रुपमा वैचारिक, सैद्धान्तिक राजनीतिक बहस सुरु भइनसकेको अवस्थामा सबैले पार्टीको निर्णय मान्नुपर्नेमा जोड दिए । सबैले आ(आफ्नो पक्षबाट आत्मालोचना गर्दै पार्टीको निर्णय मान्ने र कार्यान्वयनमा गए पार्टी एकता बलियो हुने पनि प्रवक्ता श्रेष्ठले बताए ।

**नेपालमा.......**

गरिएको अवस्थामा नेपालले पनि साविकमा वंगालादेशले क्लिनफिड कार्यान्वयन गरी पछि पछाडि हट्न वाध्य भएको उदाहरणलाई विर्सन हुदैन ।कुनै देश विसेषको कला र संस्कृतिले अतिक्रमण गर्यो भनेर मात्रै राष्ट्रियतामा वहेर राष्ट्रवाद उलारेर मात्रै क्लिनफिड सफल हुदैन ।क्लिनफिड कार्यान्वनमा भएमा हाल हेरीरहेका भन्दा विदेशी च्यानलहरू कम्तिमा ६० प्रतिशत कम आउने साथै हालको भन्दा च्यानलको मुल्यवृद्धि अस्वभाविक रूपमा वढ्ने हुदा नेपालीहरूले धान्न सक्छन कि सक्दैनन र अर्को कुरा क्लिनफिड कार्यान्वयन गर्न सक्ने जनशक्ति र स्रोत साधनको अवस्था के कस्तो छ सो पनि विचार गर्नुपर्ने देखिन्छ । यसरी च्यानलको अस्वभाविक मुल्य बढ्ने साथै आमसंचार माध्यममा मात्रै क्लिनफिड हुने व्यवस्था गर्दा यसले दूरसंचार माध्यम इन्टरनेट र ओटिटिमार्फत रकम विदेशीने जुन हुण्डी र दराज जस्ता अनलाईनले सहयोग गर्ने दखिन्छ ।सरकारले वेलैमा यसतर्फ ध्यान दिनु जरूरी छ । कौसिक संचार तथा सूचना प्रविधि मन्त्रालयका हुन् ।

राजधानी दैनिक

**पुस्तक.......**

सिरियलकी कमजोर बहुजस्ती। पढाइ-लेखाइको त्यति धेरै महत्व नभएको अहिलेको समयमा अरोजा जिज्ञासाजस्तो आरुनो केही गुणहरूका कारण समाजको माथिल्लो तहमा स्थापित हुन सक्दथी। धेरै मानिसले उसलाई हाताहात उठाउन सक्दथे। नयाँ बजार अर्थतन्त्रमा ऊजस्ता केटीहरूको महत्व थियो। यतिमात्रै कि उसले यस्तो प्रयास गर्न जानेकी थिइन।

सारिकासँग मनमनै जलन हुन्थ्यो अरोजालाई। उनीहरू दुवै साथी थिए। एउटै होस्टेलमा सँगै बस्थे। सँगै खान्थे। तर, सारिकालाई फुटेको आँखाले पनि हेर्न सक्दैनथी अरोजा। सारिकालाई आधुनिक जीवनका सबै पक्षको राम्रो ज्ञान थियो। कोसित कसरी बोल्नुपर्छ र कोसित मित्रता गर्दा कति फाइदा उठाउन सकिन्छ। विचारमा पनि ऊ सहज र मुक्त देखिन्थी। यी दुवै व्यक्तित्वका बीच तुलनाको कुनै बिन्दु नै भेटिँदैनथ्यो। सौन्दर्यमा अरोजा सारिकाभन्दा अगाडि थिई र अलिकति बढी नै तातो। उसको तुलनामा सारिका कोल्ड थिई। पच्चीस वर्ष नकाट्दै सारिका आमा भइसकेकी थिई। अविवाहित आमा । आमा हुनु उसको आरुनै रूचि थियो । उसले आरुनो यो रूचिलाई कहिल्यै लुकाइन । गर्भवती हुँदा पनि उसले कहिल्यै बताइन उसको पेटमा कसको भ्रुण हुर्किंदैछ । धेरै मानिसको नजरमा ऊ साहसी थिई । धेरै मानिसको नजरमा उसको यो साहस मूर्खता थियो। अरोजा उसको यो बहादुरीको सधैं इर्ष्या गर्थी । उसमा एक्ली आमा बन्न सक्ने साहस थिएन ।

सारिकासँग मेरो दोस्ती नहोस् भन्ने चाहना राख्थी अरोजा। कहिलेकाहीं मैले सारिकालाई खाजामा बोलाएको सुईंको पाउनेबित्तिकै अरोजा कराउन थाल्दथी। एक दिन अरोजाले बडो उत्तेजित भएर मसँग भनेकी थिई, 'त्यसलाई तपाईंले चिन्नुभएकै छैन। मानिस फसाउन माहिर छे त्यो केटी। त्यसले तपाईंलाई पनि फसाउली। ऊसँग सुत्न पाइने लोभमा फस्नुभयो भने तपाई जीवनभरका लागि ऊसँग फस्नुहुनेछ। जीवनभरि तपाईंसँग बार्गेनिङ गर्न उसलाई एकैरात तपाईंसँग बिताउन पाए पुग्छ ।'

अरोजाको उत्तेजनालाई म उसको अनुहारमा हेरिरहेको थिएँ। उसको बोलीमा इर्ष्या थियो, घृणा थिएन। ऊ बोलिरहँदा उसको अनुहार साह्रै हाँसो उठ्दो देखिएको थियो। मैले मनको कुनै पनि कुनामा सारिकासँग सुत्ने कल्पना पनि गरेको थिइनँ। सारिकाको अनुहार हँसिलो भए पनि त्यसमा सेक्स-अपिल थिएन। सधैं कुनै सोचमा डुबिरहने, कुनै चिन्तनमा हराइरहने। सारिका बेग्लै थिई। तैपनि ऊ कसैसँग सुती। ऊसँग सुत्नेको अनुभव त्यति सुखद रहेन होला। सारिकाको स्वभाव कसैसँग आत्मीय भइहाल्ने खालको थिएन ।

पश्चिमी मुलुकका केटीहरूको जस्तो सारिकाले खेल्दाखेल्दै गर्भधारण गरेकी थिइन। पिरियडपछिका केही दिनहरूमा पुरूषसँगको संसर्ग सुरक्षित हुँदैनन् भन्ने ज्ञान उसलाई थियो। एक पैसा नतिरी सुरक्षित रूपले गर्भपतन गराउन पनि सक्थी ऊ । शहरमा निःशुल्क गर्भपतन गराउने औजार हातमा बोकेर कसैको पनि पाठेघरको क्युरेट गर्न तम्तयार बसेका स्वास्थ्यकर्मीको अभाव थिएन। गर्भपतनले कानुनी मान्यता पाएपछि नेपाली समाज बढी नै सेक्सिलो हुन थालेको थियो । नयाँ नेपाली पुस्ताले थाहै नपाई, असंख्य परिवर्तनलाई आत्मसात् गरिसकेको थियो। यति सजिलो अवस्थामा पनि, त्यस्तो कलिलै उमेरमा सारिकाले किन बच्चा जन्माउन चाही ? किन बन्न खोजी ऊ एक्ली आमा ? धेरैको कौतुहल थियो यो। बच्चाहरू मनोरञ्जन नभएर गम्भीर दायित्व हुन्। सारिकाले बच्चा जन्माउनुअघि जन्मिने बच्चाको भविष्य सोची कि सोचिन ? यो कसैले चासो राख्नुपर्ने विषय थिएन। मेरो मनमा भने सधैं खुल्दुली चलिरह्यो । विवाद र चर्चामा आउनका लागि मात्रै उसले यति चर्को खतरा मोलेकी होली र ?

कतिपय मानिस विवादमा मुछिएर प्रसिद्ध हुन चाहन्छन्। बिंचरी सारिका ! उसले त्यही चाहेकी हो भने पनि उसका लागि परिणाम त्यस्तो भएन । बच्चा जन्माउने अस्पतालको बेडमा सुतेको बेलादेखि ऊ सम्पूर्ण समाज र साथीहरूबाट एक्लिई । न कसैले उसको साहसको प्रशंसामा कुनै गीत लेख्यो, न कसैले उसको बहादुर व्यक्तित्वको समाचार नै बनायो । प्रकटमा कसैले पनि उसको चर्चा नै गरेनन् । उल्टै उसलाई भयानक ढंगले 'इग्नोर' गरे। अगाडि परेका बेला प्रशंसा गर्नेहरू उसका पछाडि कुरा काट्न थालेका थिए । उसको साहस 'मोज मज्जा' मा मात्र सीमित भयो ।

सारिकाले बच्चा पाएपछि बरु मानिसहरूको उत्सुकता अन्यत्रै मोडियो । कसको बच्चा पाइछ त्यसले ? को रहेछ त्यो बच्चाको बाबु ? शहरमा अनुमानको सानोतिनो पहाड नै खडा भयो । एउटा ठूलो समाचारपत्रको सम्पादकदेखि शहरको चर्चित उद्योगपतिसम्म सारिकासँग जोडिन पुगे। एउटा फोटोग्राफर पनि सन्देहको घेराभित्र पर्‍यो । एउटा उच्च तहको राजनीतिज्ञ समेत सारिकासँग मुछियो। समाजका सबै प्रतिनिधि भनिने पात्रहरूलाई बडो सजिलोसँग शंकाको घेराभित्र पारिदिई सारिकाले ।

एक दिन मैले सारिकाको एउटा इमेल पाएँ । लेखेकी थिई, 'मलाई एउटा नोकरी चाहियो । म आरुनो बच्चोलाई पाल्न चाहन्छु । ममाथि तपाईंको दया रहोस्। तपाईंलाई मेरो अवस्था राम्ररी थाहा छ। अविवाहित आमा हुनु पीडादायी हुने रहेछ ।

बिहे नगरी आमा बन्ने इच्छा त मेरै हो । आजको समयमा सबैलाई आरुनो जीवनको बाटो आफैं चुन्ने स्वतन्त्रता छ । तपाईंजस्तो मान्छेले पक्कै पनि यो कुरा बुझ्नुभएको हुनुपर्दछ ।'

मलाई सारिकाको यो मेलको जवाफ दिनुपर्छ जस्तो लाग्यो। मैले रिप्लाइ बटन दबाएँ र लेखें, 'प्रिय सारिका, म तिम्रो साहसको कदर गर्छु। तिमीलाई सकेको मद्दत पनि गर्न चाहन्छु । के-के सम्भावनाहरू हुन सक्छन ? म त्यसको खोजी गर्नेछु ।'

तर, केही हरफ लेखिसकेपछि मैले अरोजाको 'वार्निङ' सम्झिकएँ। म एकदमै कमजोर भएँ। मेरो कथित सामाजिक प्रतिष्ठाले मलाई बेसरी घच्घच्यायो। लल्याक-लुलुक भयो मेरो शरीर। मैले लेखिसकेको मेल डिस्कार्ड गरिदिएँ । यो मेल मेरा लागि विपत्ति पनि बन्न सक्ने आशंकाले थिच्यो मलाई। मैले उसका लागि खोज्न सक्ने कुनै काम थिएन । मलाई लाग्यो अर्काको जिन्दगीको निजी मामिलामा म किन नाक घुसार्दै हिंडौं ? म आरुनो काँधमा अनावश्यक अतिरिक्त बोझ थपेर आफै किन दुःखी बनौं ? उसका लागि काम खोज्न जाँदा कसैले मलाई नै उसको बच्चाको बाबु भएको आशंका गर्न पनि के बेर र ? पत्रकार किशोर नेपालको तेस्रो उपन्यास 'सहरको कथा' बाट केही अंश ।

**चाडपर्व......**

प्रसिद्ध पर्वमा दही जमाउनदेखि अन्य पूजा सामग्री राख्नसमेत माटाकै भाँडा चाहिने विधि भए पनि आम उपभोक्ताले दैनिक प्रयोगमा प्लाष्टिकका भाँडा रोज्न थालेपछि कुम्हालको पेशा अब चाडबाडमा खुम्चिएको यहाँका पाका कुम्हाल बताउँछन् ।

आम उपभोक्ताबाट दैनिक प्रयोगमा अब माटाका भाँडाको माग हुन छाडेपछि जीवन गुजाराका लागि बनिबुतो र अन्य पेशा अँगाल्नुपर्ने स्थिति आएको यस भेगका कुम्हालको भनाइ छ । महोत्तरी जिल्लामा कुम्हालको सघन बसोबास रहेको भङ्गाहा, खुट्टापिपराढी, सरपल्लो, सहसराम, रतौली, मझौराविशनपुर र पर्सादेवाडलगायतका नगर/गाउँ बस्तीमा १० वर्षअघिसम्म भाँडा बनाएर फुर्सद नपाउने कुम्हाल अब काम नपाएर त्यतिकै बस्नुपर्ने स्थिति बनेको सहसरामका कुम्हाल समुदायकै ७० वर्षीय कुम्हलाल पण्डित दिक्दारिँदै बताउनुहुन्छ । नयाँ उमेरका पछिल्लो पुस्ताका आफ्ना सन्तानले चक्र घुमाउने काममा रूचि देखाउन छाडेपछि अब आफूहरूको पुस्तासम्म मात्र भाँडा बन्ने उहाँको ठम्याइ छ ।

गत चौरचन पर्वलाई लक्षित गरी बनाइएका धुपौरो, छ्याँची (दही जमाउने भाँडो), घैंटो, सर्वा (सानो बटुको आकारको भाँडा) र ढकनसहितका माटाका भाँडा नबिकेर त्यतिकै घरमा थन्किएका महोत्तरीका कुम्हाल बताउँछन् । गत दशैंमा थोरैमात्रामा आफ्ना भाँडा बिके पनि व्यवसायलाई निरन्तरता दिनसक्ने अवस्था नरहेको महोत्तरीकै भङ्गाहा नगरपालिका(५ राजपुरको कुम्हाल बस्तीका सीताराम पण्डितले बताउनुभयो ।

अब नजिकिँदै गरेको दीपावली र छठ पर्वलाई लक्षित गरी भाँडा बनाउने तयारी गरिए पनि कतैबाट माग भने नभएको कुम्हालेले बताएका छन् । विगत एक दशकअघि चाडपर्व विशेषमा केही दिनपहिले नै भाँडाको माग गर्दै भुक्तानीसमेत अग्रिम पाइने गरेको कुरा आफ्नै पछिल्लो पुस्ताका लागि अब दन्त्यकथाजस्तो भइसकेको खुट्टापिपराढीका रामविलास पण्डितको भनाइ छ ।

यता आम उपभोक्ताले भने माटाका भाँडा आवश्यकता हुनासाथ बजारमा खोज्दा नभेट्टाइने, मूल्य बढी पर्ने र विस्तारै ठोक्किँदा पनि फुट्ने भएकाले आफूहरु प्लाष्टिकका भाँडा किन्न बाध्य भएको बताउने गरेका छन् । प्लाष्टिकका भाँडा सामान्य सानातिना पसलमा पनि पाइने, सस्तो हुने र सामान्य ठक्करले नफुट्ने भएकाले यसको प्रयोग बढेको बनौलीदनौलीकी सामाजिक कार्यकर्ता गीता दासको भनाइ छ । पछिल्लो समयमा आफ्नो पुर्ख्यौली पेशाले जीवन गुजारा नचल्ने भएपछि कुम्हाल बस्तीका युवा रोजगारीका लाग विदेश जाने क्रम बाक्लिएको छ । धेरैजसो कुम्हाल बस्तीमा अहिले महिला, वृद्धवृद्धा र ससाना नानीमात्र देखिन्छन् ।

अहिलेको अवस्था हेर्दा अब केही वर्षपछि कुम्हाल बस्तीकै पछिल्लो पुस्ताले माटाको भाँडा बनाउने पाङ्ग्रा (चक्र) पनि हेर्न नपाउने स्थिति बनेको अगुवा कुम्हाल नै बताउँछन् । सङ्कटमा परेको आफ्नो पेशालाई बचाउन भने राज्यले नै खास अवसर जुटाइ दिनुपर्ने पाका कुम्हालको भनाइ छ ।

## कालीगण्डकीमा स्टिमर सेवा पुनः शुरु

पर्वत । कालीगण्डकी जलाशयमा वर्षाका कारण अवरूद्ध बनेको जल यातायात (स्टिमर सेवा) वर्षायाम सकिएपछि शुरू भएको छ । कात्तिक पहिलो सातादेखि नदीमा पानीको बहाव घटेपछि कालीगण्डकी 'ए' जलविद्युत् आयोजना निर्माणका क्रममा बनेको जलाशयमा जल यातायात (स्टिमर सेवा) पुनः शुरू भएको हो । वर्षाका कारण नदीमा बहाव बढेपछि दुर्घटना निम्तिने खतराले असारको पहिलो सातादेखि स्टिमर सेवा अवरूद्ध बनेको थियो । बहाव घटेपछि अवरूद्ध स्टिमर पुनः शुरू भएको स्थानीय तिलक पराजुलीले जानकारी दिनुभयो । लामो समयसम्म वर्षा भएका कारण बहाव नघटेकाले विगतका वर्षमा भन्दा यस वर्ष ढिलो गरी स्टिमर सेवा शुरू भएको पराजुलीको भनाइ छ । सहजरूपमा सञ्चालन गर्न सकिने भएपछि कात्तिक पहिलो सातादेखि सञ्चालनमा ल्याइएको शालिग्राम-कालीगण्डकी जल यातायात प्रालिका सञ्चालक चन्द्रबहादुर रानाले जानकारी दिनुभयो । गत असार पहिलो सातादेखि कालीगण्डकी नदीमा पानीको बहाव बढेपछि दुर्घटना हुन सक्ने भएकोले साउन, भदौ र असोजमा सेवा बन्द गरिएको सञ्चालक रानाले बताउनुभयो । "झण्डै चार महिनापछि सेवा शुरू भएको छ", उहाँले भन्नुभयो, "स्टिमर सञ्चालनमा आएपछि यस क्षेत्रका बासिन्दाका लागि सहज भएको छ ।"रानाका अनुसार स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ मिर्मी आँधीमुहानदेखि पर्वतको बिहादी गाउँपालिका-६ शालिग्राम सेतीवेणीसम्म सात किलोमिटरको दूरीमा १९ वर्षदेखि जल यातायात स्टिमर सेवा सञ्चालनमा छ । स्टिमर सेवाबाट दक्षिण पर्वतको बिहादी र पैंयु गाउँपालिकाका साथै स्याङ्जा, गुल्मी र बाग्लुङका बासिन्दा लाभान्वित हुने गरेको बिहादी गाउँपालिकाका अध्यक्ष कमल भुसालले जानकारी दिनुभयो । स्टिमरबाट दैनिक एक हजारभन्दा बढीले जलाशयमा ओहोरदोहोर गर्ने गरेको भुसालले बताउनुभयो । स्टिमरमा १५० जना सवार गर्न मिल्ने १० वटा र १५ जना सवार गर्न मिल्ने माइक्रोस्टिमर दुईवटा सञ्चालन भइरहेको व्यवसायी हरि प्रसाद भट्टराईले जानकारी दिनुभयो । उहाँले दैनिक एक हजारभन्दा धेरै स्टिमरमा यात्रा गर्ने गरेको बताउनुभयो । स्टिमर सेवा सञ्चालनपछि चार घन्टाको यात्रा आधा घन्टामा छोटिएको भट्टराईको भनाइ छ । कोरोना भाइरसको महामारीका कारण अहिले सामाजिक दूरी कायम गरी आधा सङ्ख्यामा मात्र यात्रुहरु राख्ने गरिएको छ भने भाडादर समेत बढाइएको छ । अहिले दुईतर्फी यात्रा गर्दा रू ४०० निर्धारण गरिएको समितिले जनाएको छ । कालीगण्डकी 'ए' जलविद्युत् आयोजना प्रभावित क्षेत्र स्याङ्जाको गल्याङ नगर पालिका, पर्वतको बिहादी गाउँपालिका र गुल्मीको कालीगण्डकी गाउँपालिकाका स्थानीयवासीलाई सेवा पुनः शुरू भएपछि सहज बनाएको स्थानीय विष्णु न्यौपानेले बताउनुभयो । यस वर्ष चाडपर्व पनि ढिला भएकाले ढिलैगरी स्टिमर सञ्चालन भए पनि दशैं मनाउन सहज भएको स्थानीयले बताएका छन् । दशैं तिहार मनाउन गाउँमा फर्कन सहज भएको छ भने मालसामान ढुवानी गर्नसमेत सहज भएको न्यौपानेले जानकारी दिनुभयो । स्टिमर सेवा बन्द हुँदा झण्डै चार महिना त्यस क्षेत्रका बासिन्दा आधा घन्टाको बाटो चार घन्टासम्म पैदल हिंडेर स्याङ्जाको गल्याङ पुग्न बाध्य भएका थिए । पर्वतको सेतीवेणीमा रहेको विश्वकै ठूलो शालिग्राम शिलाको दर्शनका लागि आउने धार्मिक पर्यटक र स्टिमर चढ्नकै लागि आउने पर्यटकसमेत बढ्न थालेको विहादी-६ शालिग्रामका वडाध्यक्ष टेकबहादुर थापाले बताउनुभयो । काठका ठूला तथा मझौला डुङ्गामा मालवाहक गाडीको इन्जिन जडान गरेर बनाइएका स्टिमर जल यातायातको साधन हो । ठूला मालवाहक गाडीजत्तिकै वहन क्षमता राख्ने हुँदा स्टिमर सेवा त्यस क्षेत्रका लागि वरदान नै सावित भएको थापाले बताउनुभयो ।

## २१ दिनपछि खुल्यो गाउँपालिकाको ताला

बैतडी । केन्द्र विषयमा विवाद भएपछि असन्तुष्ट पक्षले लगाएको बैतडीको सुर्नया गाउँपालिकाको ताला २१ दिनपछि खुलेको छ । विवादपछि गत असोज २६ गते गाउँपालिकामा तालाबन्दी गरिएको थियो । जनप्रतिनिधि र स्थानीय सङ्घर्ष समितिबीच आइतबार अपराह्न भएको सहमतिपछि ताला खुलेको गाउँपालिकाका उपाध्यक्ष लीला बिष्टले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकामा लामो समयदेखि तालाबन्दी खुलेपछि सोमबारदेखि कामकाज सञ्चालन हुने भएका छन् ।" जनप्रतिनिधिका तर्फबाट उपाध्यक्ष बिष्ट, वडा नं ५ का कार्यवाहक वडाध्यक्ष धनबहादुर मडै र सङ्घर्ष समितिका तर्फबाट कृष्णबहादुर चन्द, प्रेम लुहारलगायतको सहभागितामा छलफल भएको थियो ।

तत्कालका लागि साविककै ठाउँबाट काम सञ्चालन गर्ने र केन्द्रका बिषयमा सर्वपक्षीय, सर्वदलीय छलफलबाट टुङ्गो लगाउने सहमतिसहित ताला खुलेको उपाध्यक्ष बिष्टले जानकारी दिनुभयो । गाउँपालिकाको केन्द्रका विषयमा विवाद हुँदा गत असोज २८ गते झडपसमेत भएको थियो । सो झडपमा गाउँपालिका अध्यक्ष वीरबहादुर बिष्टसहित १४ जना घाइते भएका थिए ।

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस